यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

○वर्ष ९ ○अंक ५३ ○श्रेणी 'क' ○२०७३ मंसिर ६ गते सोमबार ○ 21 Nov. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

## काठमाडौं–निजगढ फास्ट ट्र्याक नेपालले नै बनाउने

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ५ मंसिर ।**

भौतिक पूर्वाधार तथा यातायात मन्त्री मन्त्री रमेश लेखकले काठमाण्डौ तराई मधेस फास्ट ट्र्याक सडक, काठमाण्डौ निजगढ द्रुत मार्ग निर्माण सरकार आफैले गर्ने तयारी गरेको बताएका छन् । व्यवस्थापिका संसद अर्न्तगतको अर्थ समिति र विकास समितिको आईतबार बसेको संयुक्त बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री लेखकले फाष्ट ट्र्याक निर्माणका लागि भारतीय कम्पनीसँग भएको सबै सहमति तथा सम्झौता रद्द गर्ने निर्कर्षमा नेपाल सरकार पुगेको बताएका हुन् । ती सम्झौता रद्द गरी सरकार आफैंले फाष्ट ट्र्याक निर्माण गरी सार्वजनिक सडकका रुपमा प्रयोगमा ल्याईने पनि मन्त्री लेखकले जानकारी दिए ।

'राष्ट्रिय गौरवको बहुआयामिक महत्वको द्रुतमार्ग लामो समयसम्म अल्झिने र बल्झिने अवस्थामा रहेकामा आयोजनालाई अघि बढाउने सन्दर्भमा अब सबै पक्ष एक ठाउँमा उभिएर निर्णय गर्नुपर्छ'- उनले भने । काठमाडौं निजगढ फाष्ट ट्र्याक निर्माण सम्बन्धमा निजी लगानी सम्बन्धी ऐन २०६३ अनुसार प्रवर्द्धक कम्पनी आईएल एण्ड एफस लगायतसंग भएका सबै समझदारी सहमतिका साथ २०१४ को १० सेप्टेम्बर को पीओआई सूचना तथा त्यस पछि दर्ता भएको ती कम्पनीको प्रस्ताव समेत रद्द गर्ने निर्णय भएको उनले जानकारी दिए ।

नेपाल सरकार आफैले योजना अघि बढाउनका लागि विदेशी कम्पनीसंग गरिएको सम्झौता रद्द गर्नुपर्ने प्राविधिक पक्षका कारण ती सबै सम्झौता रद्द गरिएको उनले स्पष्ट पारे । फाष्ट ट्र्याक निर्माणका लागि तात्कालिन सुशील कोइराला नेतृत्वको सरकारको पालामा भौतिक पूर्वाधार मन्त्रालयले भारतीय कम्पनी इन्फ्रास्ट्रक्चर लेजिङ एन्ड फाइनान्सिएल सर्भिस लिमिटेड आईएल एण्ड एफसलाई निर्माण जिम्मा दिने गरी डीपीआर प्रतिवेदन तयार पार्न लगाएको थियो । उक्त तयारीप्रति चौतर्फी आलोचना भएपछि आयोजना अघि बढाउने कार्य प्रभावित हुँदै आएको थियो ।

यसअघिका सरकारको सरकारले भारतीय उक्त निर्माण कम्पनीसँग गरेको सम्झौता रद्द गरेर सार्वजनिक द्रुत मार्गका रुपमा सरकार आफैले निर्माण अघि बढाउन निर्णयका लागि मन्त्रिपरिषदमा प्रस्ताव लगिसकेको मन्त्री लेखकले जानकारी दिए । मन्त्री लेखकले सार्वजनिक सडक सरह प्रयोग हुने गरी द्रुत मार्ग निर्माणको तयारी मन्त्रालयले गरेको पनि स्पष्ट गरे । काठमाडौं निजगढ द्रुत मार्ग र निजगढ विमानस्थलको प्रगती विवरणबारे छलफल गर्न आईतबार अर्थ र विकास समितिले संयुक्त बैठक गरी अर्थ, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री लगायत सरकोकारित निकायलाई बोलाएको थियो ।

मन्त्री लेखकले हुलाकी सडक निर्माणमा देखिँदै आएको अवरुद्धको स्थिति समाप्त भई निर्माणको गति तीव्र रुपमा अघि बढिसकेको जानकारी दिए । उक्त सडक सञ्जालसँग जोडिएका २४ सडकमध्ये १० वटा भारत सरकारले निर्माण गर्ने छ । सात सय एक किमी रहने हुलाकी राजमार्गको तीन सय किमी भारतले तथा चार सय एक किमी नेपाल आफैंले निर्माण गर्नेछ । तराईका १५ जिल्लामा रहने उक्त आयोजनाअन्तर्गत निर्माण गर्नुपर्ने एक हजार ४९ पुलमध्ये ५३ वटा पूरा भइसकेको, ५८ निर्माणाधीन रहेका, १८ बोलपत्र प्रक्रियामा रहेको तथा २० वटाका लागि निर्णय गर्न बाँकी रहेको जनाइएको छ ।

अर्थमन्त्री कृष्णबहादुर महराले काठमाडौं उपत्यकासँग तराई-मधेस जोड्ने द्रुतमार्ग, बाराको निजगढमा बन्ने अन्तर्राष्ट्रिय विमानस्थल लगायत राष्ट्रिय गौरवका आयोजना निर्माणमा रकमको अभाव हुन नदिने प्रतिबद्धता जनाए । 'पुँजीगत खर्च ठीक समयमा खर्च नहुने समस्यामा खासै सुधार आउन सकेको छैन, अघिल्लो वर्ष ५७ प्रतिशत मात्र विकास खर्च भएको छ, पैसाको अभाव होइन, खर्च नहुने समस्या अहिलेको मुख्य चुनौती हो', उनले भने । द्रुत मार्ग निर्माणका लागि अघिल्लो आव ०७१/७२ मा रु २७ करोड विनियोजन भएकामा ७७ लाख मात्र खर्च भएको थियो भने त्यसपछिको आवमा छुट्याइएको रु एक अर्ब बजेटमा ४७ करोड खर्च भएको बताइएको छ । चालु आवमा द्रुतमार्ग निर्माणको शीर्षकमा रु १० अर्ब बजेट विनियोजन भएकामा चालु आवको प्रथम चौमासिकसम्ममा रु १२ लाख खर्च भएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री जीवनबहादुर शाहीले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल तुरुन्त बन्नुपर्छ भनिए पनि अन्तरमन्त्रालय बीचको समन्वय अभावको कारण आयोजना अघि बढ्न नसकेको अवस्थालाई चिर्न आवश्यक छ भने । यसभन्दा ४३ वर्षअघि पहिचान गरी २०७९ सालमा सक्ने गरी विसं २०६६ मा विस्तृत सम्भाव्यता अध्ययनका

*बाँकी अन्तिम पृष्ठमा......*

## दुर्घटनामा १ जनाको मृत्यु

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

कास्कीको लेखनाथ नगरपालिका वडा नं १६ को लामगादी स्थीत ठुलोपाखामा आईतवार दिउसो भएको ट्याक्टर दुर्घटनामा परि चालक रामनारायण यादवको मृत्यु भएको छ। पुडीबाट गिटी लिएर लामगादी तर्फ आउदै गरेको ग १ त ३७५३नम्वरको टेक्टर ओभर लोडका कारण सडक छेउवाट करिव दुई सय मिटर तल सेती नदिमा खस्दाँ रैतहट घर भएका चालक रामनारायण यादवको घटना स्थल मै मृत्यु भएको हो। लेखनाथ नगरपालिका वडा नं १ निवासी निर्माण ब्यवसायी कर्णबहादुर सुनारको उत्त ट्याक्टर बाटोवाट तल खस्दा सेती नदिको पानीमा डुवेको छ। मृतक यादवको सव नदि कनिरामा रहेको र ट्याक्टरको एक वटा पाग्रो फुत्कीएर बाहिर देखिएको घटना स्थलमा पुगी उद्धार कार्यमा संलग्न गगनगौंडा अस्थाई ट्राफिक पोष्टका प्रहरी सहायक निरीक्षक रुद्रवहादुर मल्लले जानकारी दिएका छन् ।

## ढिकुरपोखरीका युवाको छुट्टै माग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

ढिकुरपोखरी गाविस पोखरामा नगाभ्न जिल्ला प्राविधिक समितिलाई ज्ञापनपत्र बुझाइएको छ। ढिकुरपोखरी गाविसका युवाहरुको अन्नपूर्ण गाँउपालिका बनाइ ढिकुरपोखरीलाई केन्द्र बनाउन माग गर्दै आइतबार जिल्ला प्राविधिक समितिका संयोजक एबं स्थानीय विकास अधिकारी वलराम ढकाललाई ज्ञापनपत्र बुझाएका छन् । राज्यको पुनर्संरचनाको सन्दर्भमा ढिकुरपोखरी गाविसलाइ पोखरा उप-महानगरपालिकामा गाभिनुपर्ने माग सहित वडा नागरिक मञ्चद्वारा ज्ञापनपत्र बुझाइ सिफारिश गरीएकै दिन गत साउन १३ गते १९ औ गाउँपरिषदले पारित गरेको निर्णय कार्यान्वयन हुनुपर्ने भन्दै गरी स्थानीय गमबहादुर गुरुङ, गुञ्जमान गुरुङ, विकास गुरुङ, नारायण पौडेल, गुबराज गुरुङ, राजेन्द्र गुरुङ, ज्ञानबहादुर थापा, इन्द्र बहादुर थापा, अशोक गुरुङ, एकनाराण्यण पौडेल लगायतको टोलीले धर्नासहित स्थानिय विकास अधिकारीको कार्यालय, जिल्ला विकास समिति कास्कीको कार्यालयमा ज्ञापनपत्र बुझाएको थियो । यसअघि वडा नागरिकले मञ्चले पोखरा नगरपालिकामा गाभ्नुपर्ने भन्दै जिल्ला प्राविधिक समितिलाइ गत कार्तिक २९ गते ज्ञापनपत्र बुझाएको थियो ।

## धान उत्पादनमा सात प्रतिशतले वृद्धि

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

अनुकुल मौसमका कारण कास्की जिल्लामा यस वर्ष धान उत्पादनमा सात प्रतिशतले वृद्धि हुने भएको छ । विगत आठ/दशवर्षकै अन्तरालमा वर्षातका समयमा पानी नआएर समस्या भोग्ने गरेका यस क्षेत्रका किसान यसपटक भने असिना नपरेपछि पाकेको धान सबैजसो भित्र्याउन पाउँदा हर्षित बनेका छन् । यस वर्ष रोपाइँदेखि नै मौसमको अनुकूलता, धान रोप्ने बेलामा रासायनिक मलको उपलब्धता र बाढीपहिरोको प्रकोप पनि बेहोर्नु नपरेको र भित्रचाउने समयमा पनि असिनाको प्रकोप व्यहोर्नु नपरेका कारण यो वर्ष धानखेतीका लागि सुनौलो वर्ष भएको कृषकहरू बताउँछन् ।

धानखेतीका लागि अनुकूल मौसम भएका कारण कास्की र आसपासका क्षेत्रका किसानले यसवर्ष हर्षका साथ धान भित्रचाइरहेको कृषक हरिकृष्ण पौडेलले बताए । "रोप्दा पानी नहुने, बीचमा खडेरी पर्नेजस्ता समस्याका साथै धान थन्क्याउने बेलामा असिनाका कारण किसान मर्कामा पर्ने गरेका थिए," उनले भने- 'यसवर्ष भने धान रोप्दादेखि थन्क्याउँदासम्म मौसमले साथ दियो, धानखेती थन्क्याउने अधिकांशले भकारी भर्न पाएका छन्,।" जिल्ला कृषि विकास कार्यालयका योजना अधिकृत नारायणजङ्ग खत्रीका अनुसार यसवर्ष गत वर्षको तुलनामा ७ प्रतिशतले धान उत्पादन बढ्ने अनुमान गरिएको छ । गत वर्ष बाढीपहिरो, नाकाबन्दी र मधेस आन्दोलनका कारण समयमै रासायनिक मल ल्याउन नसकिएकाले उत्पादनमा कमी आएर ७७ हजार ४२५ मेट्रिक टन धान उत्पादन भएकामा यसवर्ष मौसमको अनुकूलता, रासयनिक मलको सहजता आदिका कारण धानको उत्पादन बढेको उनको भनाई छ । जिल्ला कृषि विकास कार्यालयका बागबानी विकास अधिकृत अजय अधिकारीका अनुसार यसवर्ष मौसम राम्रो हुनुका साथै असिनाबाट पनि धान जोगिएका कारण कृषले ठूलो राहत महसुस गरेका हुन् ।

धान खेतीयोग्य जमिन पछिल्ला वर्षमा प्लटिङमा परिणत भएका कारण बर्सेनि धानखेती घट्दै गरेको अवस्था भने चुनौतीपूर्ण देखिएको उनको भनाइ छ । जिल्लामा यसवर्ष २५ हजार ६०० हेक्टर क्षेत्रफलमा धानखेती गरिएको छ । मनाङ बाहेक नेपालका ७४ जिल्लामा धानखेती हुने गरेको धानबाली अनुसन्धाता भानु पराजुलीले बताए । कास्कीको लेखनाथस्थित बेगनास क्षेत्रमा मात्र ७४ प्रजातिका धान लगाउने गरिएको छ । "जिल्लामा समुन्द्रफिंजा र नाभो जातको धान लगाइने गरिएकोमा पछिल्ला वर्षमा ती प्रजाति लोप भइसकेका छन्," उनले भने-"केही वर्षको अन्तरालमा आँगा, वले, कृष्णभोग, जिरासरी र फल्याङकोटे धान पनि दुर्लभ भइसकेका छन् ।"

३०० देखि ६०० मिटरको उचाइ क्षेत्रमा रैथाने धानका बढी जात लोप भएका छन् भने हाल पहेंले, मनसरा, बिरमफूल, ठिमाहा, ताकमारे, खोलेमार्सी, रमन, आँपभुत्ते, झिनुवा, अनदी, गुर्दी, मानामुरी, कन्जीरा, मन्सुली, आँधा, तौली, मार्सी, खाल्टेखोले, गोला, कोदे, गुडुरा, जर्नेली, गौरिया, बर्मेली, एक्ले गरी २५ प्रकारका रैथाने धान रहेको पाइन्छ ।

उच्च पहाडी क्षेत्र अन्तर्गत लगभग दुई हजार ३०० मिटर उचाइको घान्द्रुकमा छोमरुङ-९ जातको धान अनुसन्धानका क्रममा छन् । पछिल्ला वर्षमा राधा-७, खुमल-४, सिएच-४५, राधा-९, खुमल-७ र पोखरा उपत्यकाको लागि पोखरेली जेठोबुढो धान बढी प्रयोगमा आएको पाइएको छ ।

## विकास निर्माणमा कांग्रेसको चासो

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

नेपाली कांग्रेस कास्की क्षेत्र नं. ३ ले पोखराको विकास निर्माणमा चासो देखाएको छ । कांग्रेस क्षेत्रीय समितिले विशेषगरि पोखरा-१७ र निर्मलपोखरी जोड्ने पुल मर्मत, महेन्द्रपुलको साँघुमुखबाट फूलवारी जोड्न झोलुङ्गे पुल निर्माणका साथै उक्त स्थानमै पार्क निर्माणमा चासो देखाएको छ । पोखरा-१७ दोविल्लामा रहेको पोखरा र निर्मलपोखरी जोड्ने पुल गतवर्षको बाढीका कारण जोखिमयुक्त बनेको भन्दै नेपाली कांग्रेस क्षेत्रीय समितिले उक्त पुल तत्काल मर्मत गर्न आग्रह गरेको छ । साथै उक्त जोखिमयुक्त स्थानमा बसोबास गर्दै गरेका स्थानीयप्रति पनि ध्यान पुऱ्याउन समेत समितिले आग्रह गरेको छ ।

यस्तै पोखराको महेन्द्रपुल साँघुमुख-फूलवारी जोड्ने झोलुङ्गेपुल अति आवश्यक तथा पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान दिन सक्ने भएकाले उक्त स्थानमा तत्काल पुल निर्माण गर्न माग गरेको छ ।

यसैगरी कांग्रेस क्षेत्रीय समितिले पोखराको पृथ्वीचोकस्थित चाइनापुलको दुवैतर्फ मानिस आवत-जावत गर्न मिल्ने वैकल्पिक पुल निर्माण गर्न समेत सम्बन्धित निकायको ध्यानाकर्षण गराएको समितिका सचिव दीपेन्द्र मर्सानीले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । उक्त कार्यका लागि क्षेत्रीय समितिका सचिव दीपेन्द्र मर्सानी नेतृत्वको टोलीले जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय र पोखरा उप-महानगरपालिका कार्यालयमा पुगेर पहल गरेको छ ।

क्षेत्रीय सचिव मर्सानीको नेतृत्वमा विभिन्न सम्बन्धित निकायमा ध्यानाकर्षण गराउन जानेहरुमा सांसद वृन्दा राना, क्षेत्रीय उपसभापति ध्रुव रायमाझी, नेपाली कांग्रेस पोखरा-१७ का वडा सभापति देवी आचार्य, वडा नं. ९ का वडा सभापति उमाकुमारी ठकुरी, नेविसंघ कास्कीका सचिव विक्रमादित्य सिंह गिरीका साथै पोखरा-१७, दोविल्ला र पोखरा-९ का अग्रज स्थानीय सहभागी थिए ।

उक्त अवसरमा बोल्दै सांसद वृन्दा रानाले विकास निर्माणमा आफ्नो सक्दो सहयोग रहने भन्दै यी योजनाहरुलाई सम्बन्धित निकायमा यथाशीघ्र पुऱ्याउने प्रतिवद्धता जनाइन ।

कांग्रेस क्षेत्रीय सचिव एवं ध्यानाकर्षण कार्यक्रम संयोजक दीपेन्द्र मर्सानीले आफूहरुले अघि सारेका योजनाको काम सम्पन्न नहुँदासम्म सम्बन्धित निकायमा ध्यानाकर्षण एवं पहल गरिरहने बताए ।

## पोखरामा ट्राफिक सप्ताह सुरु




**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

कास्कीमा सवारी दुर्घटना न्यूनिकरण गर्न ट्राफिक सप्ताह सुरु गरिएको छ । सप्ताहको पश्चिम क्षेत्रीय प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक कमल सिंह बमले उदघाटन गरेका हुन् । सप्ताहको पहिलो दिन आयोजित प्रभातफेरीको उद्घाटन गर्दै उनले ट्राफिक सचेतना अभिबृद्धि सहित दुर्घटना न्यूनिकरण र यातायात ब्यवस्थापनमा सबै पक्ष जिम्मेवार हुनुपर्ने बताए । ट्राफिक सप्ताहलाई एक साता भरीको कार्यक्रममा मात्रै सिमित नराखी ब्यापकता दिनुपर्ने उनले बताए । उनले पोखराको सवारी ब्यवस्थापनका विषयमा समयमै नसोच्ने हो भने ट्राफिक ब्यवस्था अस्तब्यस्त हुने बताए ।

चालक, पैदलयात्रु तथा सवारी साधनमा यात्रा गर्ने यात्रु सबैले ट्राफिक नियमको पालना गरे दुर्घटना कम हुने उनको विश्वास छ । पोखराका विभिन्न चोकहरुका कारण पनि ट्राफिक जाम हुने गरेको उल्लेख गर्दै डिआइजी बमले पृथ्बीचोकको आइल्याण्ड भत्काउनुपर्ने आवश्यकता औल्याए ।

यसअघि पृथ्बीचोक स्थित जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट सुरु भएको प्रभातफेरी सभागृह, न्यूरोड, विपिचोक हुँदै मानव अधिकार चोकमा पुगेर टुङ्गिएको थियो । प्रभातफेरीमा ट्राफिक प्रहरी, नेपाल प्रहरी, रेडक्रसकर्मी, बिद्यार्थी, नागरिक समाज लगायतको सहभागिता थियो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की र नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको संयुक्त आयोजनामा सुरु भएको सप्ताहमा एक साताभर ट्राफिक नियम सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने भएको छ । क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी उपरीक्षक प्रकाश अधिकारीले सडक प्रयोगकर्ता, चालक, सहचालक लगायत सरोकारवाला सबै निकायलाई ट्राफिक नियमको बारेमा सचेतना दिलाउने उद्देश्यले वार्षिकरुपमा ट्राफिक सप्ताह गर्दै आएको बताए ।

गण्डकी अञ्चल व्यवस्था कार्यालय (सवारी) का अनुसार यस क्षेत्रमा हाल सम्म करिब १ लाख ५० हजार सवारी साधन दर्ता भएका छन् । तथ्यांक अनुसार नेपालमा दैनिक ५ देखि ७ जनाले सवारी दुर्घटनाले ज्यान गुमाउने गरेका छन् ।

ट्राफिक सप्ताह अन्तर्गत दोस्रो दिन अमर सिंह माविका युवाहरुलाई ट्राफिक सचेतना, ढिकुरपोखरी, हेम्जा, पोखरा र लेखनाथमाका विभिन्न स्थानमा जेब्रा क्रसिङमा स्वयंम सेवक परिचालन गर्ने कार्यक्रम छ । तेस्रो दिन ड्राइभिङ इन्स्टिच्युटका प्रतिनिधिलाई सचेतना, चौथो दिन मंसिर ८ गते बक्तृत्वकला प्रतियोगिता, ट्राफिक कक्षा र चालक परामर्श कार्यक्रम सञ्चालन गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी निरिक्षक विश्वराज अधिकारीले जानकारी दिए ।

त्यस्तै पाँचौ दिन ट्राफिक सचेतनाका साथै चित्रकला प्रतियोगिता र अन्तिम दिन समापन कार्यक्रम उनले बताए ।

## क्याम्पसमा तालावन्दी

**पोखरा ५ मंसिर ।**

पोखरा लामाचौर स्थित पश्चिमाञ्चल इन्जिनियरिङ्ग अध्ययन सस्थानमा आईतवार विद्यार्थीहरुले तालावन्दी गरेका छन् । सस्थानमा विभिन्न १० बुँदे माग गर्दै अनिश्चितकालिन तालावन्दी गरेका छन् । नेपाल विद्यार्थी संघ र अखिल क्रान्तिकारीको सयुक्त आयोजनामा तालावन्दी गरिएको नेविसंघ संस्थानका नेता आदर्श लामिछानेले जानकारी दिए । उनले आफूहरुले विभिन्न समयमा शैक्षिक हक अधिकार र क्याम्पस सुदृढिकरणका विषयमा माग गर्दै आएपनि क्याम्पस प्रशासन मौन वसेकोले तालावन्दी गर्न वाध्य भएको बताए। यसैगरी अखिल क्रान्तिकारीका सस्थानका अध्यक्ष शंकर गौतमले तालावन्दीले आफूहरुको मागका विषयमा सुनुवाई नभए चरणवद्ध आन्दोलन गर्ने चेतावनी दिए ।

## पत्रकारहरु अध्ययनशील हुनुपर्नेमा जोड



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

चलचित्र विकास बोर्डका अध्यक्ष राजकुमार राईले सिनेमामा कलम चलाउने पत्रकार धैर्यता र अध्ययनमा बढी जोड दिनुपर्ने खालको हुनुपर्ने बताएका छन् । उनले चलचित्र पत्रकार संघ कास्कीले आयोजना गरिएको ३ दिने 'चलचित्र पत्रकारिता कार्यशाला' को समापन कार्यक्रममा बोल्दै उनले उनले सिनेमा क्षेत्रलाईकर्मथलो बनाउनेहरु बढी पूर्वाग्राही भएको समेत गुनासो गरे। 'पहिला निर्देशक, निर्माता र कलाकारलाई बढी जोड दिइन्थ्यो,' उनले भने,-'अहिले सिनेमा प्रवर्द्धन बढी गर्नुपर्ने अवस्था आएको छ ।' उनले ग्राउन्ड वेस नभईकन सिनेमा निर्माण गरे असफल हुने भन्दै सिनेमालाई परिमार्जित र व्यवस्थित बनाउनको लागि छिट्टै बक्स अफिस ल्याउने तयारी भएको घोषणा गरे । 'नेपाली सिनेमा पूर्णता नभएपनि अहिले आएर केही परिवर्तन आएको प्रस्ट देखिन्छ,' उनले भने-'फरकधारका सिनेमाले विश्वबजारमा राम्रो गरेको छ ।' कार्यशाला र सिक्ने कुराहरु अन्त्य सम्म सिकिरहन पर्ने उनले सबैलाई सुझाए ।

नेपाल पत्रकार महासंघ कास्कीका निवर्तमान अध्यक्ष बद्रीबिनोद प्रतिकले सहभागि संख्या जति भएपनि सिकाईमा महत्व दिने बताए । उनले भने-'कार्यशाला परिणाममूखी हुनुपर्छ ।' प्रशिक्षक कृष्ण भट्टराईले नयाँ पत्रकारलाई कार्यशालाले उर्जा दिने र इन्करेज गर्ने बताए । पत्रकारिता चौथो अंग भएपनि मनोरञ्जनलाई सातौं अंगमा हेरे पनि यसको दायरा फराकिलो हुँदै गएको उनले स्पष्ट पारे ।

प्रशिक्षार्थी पत्रकार श्रीभद्र पौडेलले कार्यशालाबाट सिनेमा सम्बन्धी लेखन र आचारसंहिताको बारेमा जानकारी भएको बताए ।

कार्यक्रममा गुरुङ फिल्म एसोसियसनका अध्यक्ष वेदबहादुर गुरुङ (श्याम), पोखरा फिल्मस सोसाइटीका अध्यक्ष घनश्याम लामिछाने, विग एफका अध्यक्ष महेश भण्डारीले बोलेका थिए । कार्यशालाको पहिलो दिन समीक्षक एवं साहित्कार प्रकाश सायमीले चलचित्रको इतिहास र वर्तमान, डब्बु क्षेत्री पत्रकारितामा पत्रकारले निर्वाह गर्नुपर्ने भूमिका र कृष्ण भट्टराईले नेपालमा सिनेमाको विकास र संचारकर्मीको भूमिकाका बारेमा प्रशिक्षण दिएका थिए । कार्यक्रममा पोखरा, लेखनाथ, हेम्जा मिडियामा काम गर्ने पत्रकारहरु सहभागी थिए । चलचित्र पत्रकार संघ ास्कीका अध्यक्ष रेम बिकको अध्यक्षता भएको कार्यक्रममा उपाध्यक्ष राजाराम पौडेलले धन्यवाद ज्ञापन र सचिव सुशन घिमिरेले सञ्चालन गरेका थिए ।

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।

*- लर्ड नेपियर*

## सम्पादकीय ...

# डा.केसीको माग पूरा गर

अख्तियारका निलम्बित प्रमुख आयुक्त लोकमानसिंह कार्कीमाथि लगाइएको महाभियोगको प्रस्ताव आइतबार किनारा लगाउन सभामुख र प्रमुख राजनीतिक दलहरु तथा सांसदले सामान्य छलफल गरेर आफ्नो तलवभत्ता बढाउन केन्द्रित भए। कार्कीलाई लामो समयसम्म नेपाली सञ्चारमाध्यमहरुले निरन्तर प्राथमिकताका साथ स्थान दिएर नकारात्मक छवि निर्माण गर्न अहम् भूमिका निर्वाह गरे। सांसदको तलव भत्ताले मुलुकको निकै पेचिलो र महत्वपूर्ण रहेको यो प्रस्ताव पारित हुन सकेन। बहुचर्चित यो लोकमान प्रकरणमा ओझेलमा परेका छन्, आज नवौं दिनसम्म दसौंपटकको आमरण अनशनमा बसेका प्रा.डा. गोविन्द केसी। उनको स्वास्थ्यस्थिति गम्भीर हुँदै गएको त्यहाँ कार्यरत चिकित्सकहरु बताउँछन्। सत्य, निष्ठा, आदर्श र सुशासनको पक्षमा आवाज बुलन्द गर्दै सरकारले नसुनेका कारण पटकपटक अनशन बस्न बाध्य छन्, डा. केसी। एकातिर चिकित्सा सेवालाई मर्यादित गर्न र पूर्वाधारविना जथाभावी मेडिकल कलेज सञ्चालन गर्न दिन नहुने प्रमुख मागसहित अनशनमा बसेका डा. केसी छन् भने अर्कातिर किनारा लाग्नमात्र बाँकी निलम्बित अख्तियारका प्रमुख लोकमानसिंह कार्की अथवा भ्रष्ट व्यक्तित्व छन्। यौटा गलत छवि भएको व्यक्ति सधैँ समाचारमा छाइरहने, तर देश र जनताका लागि भनेर आफ्नो स्वास्थ्यको कुनै पर्वाह नै नगरी निरन्तर जायज मागहरुलाई भने समाचारमा सन्तोषजनक स्थान भने दिएको पाइएन। अब कार्कीमाथि सांसद्हरुद्वारा महाभियोग प्रस्ताव पारित गरेर सेवामुक्त गर्नुको अन्य कुनै विकल्प देखिएको छैन। संवैधानिक अंगको प्रमुखजस्तो मर्यादित र जिम्मेवार पदमा रहेका कार्कीले पदीय दुरूपयोग गर्दै न्यायालय र सरकारसमेतलाई चुनौती दिनसक्ने क्षमता प्रदर्शन गरेका कारण उनी यसरी सबैको आँखाको तारो बन्न पुगेको हुनुपर्छ। पञ्चायती पृष्ठभूमि र राजतन्त्रका कट्टर हिमायती मात्र नभएर लोकमानसिंह कार्की पञ्चायतकालका राजसभा स्थायी समितिका सभापति स्व. भूपालमानसिंह कार्कीका छोरा पनि हुन्। त्यसैको फलस्वरुप उनलाई राजदरबारमा विना प्रतिस्पर्धा जागिर खुवाइएको थियो। अब सरकारको सम्पूर्ण ध्यान डा. गोविन्द केसीको नवौं दिनको आमरण अनशनसम्बन्धमा केन्द्रित हुनु जरूरी भइसकेको छ। जाजय मागहरु पूरा गर्न र निष्ठाको सम्मान गर्न ऊर्जावान् स्वास्थ्यमन्त्री गगन थापा मात्र नभएर सिंगो सरकार लाग्नुपर्ने अवस्था अहिले सिर्जना भएको छ। यो प्रकरणमा नेपाल सरकारलाई आफ्नो प्रतिष्ठाको रक्षा गर्न मात्र नभएर जायज मागको सम्बोधन गर्न कुनै अप्ठेरो मान्नुपर्ने कारण छैन। डा. केसीले चिकित्सा क्षेत्रमा देखिएका तमाम् विकृतिहरुको अन्त्य गर्न र यो पेसालाई व्यापारीकरण गर्न नदिन बढी मात्रामा सरकारको ध्यान केन्द्रित पार्दै आएका छन्। यस्तै, वरिष्ठताको आधारमा चिकित्सा शास्त्रको डिन नियुक्त गर्नुपर्ने र राजनीतिक आस्थाका आधारमा नियुक्त भएका त्रिविविका उपकुलपति डा. तीर्थ खनियालाई पनि हटाउनु पर्ने डा. केसीको माग छ। उनका मागहरुप्रति नैतिक समर्थन जनाउँदै त्यहाँका रेजिडेन्ट चिकित्सकहरुले आइतबारदेखि पठनपाठन कार्य बन्द गरेका छन्। हिजोसम्म उनीहरुले डा. केसीको समर्थन सरकारको सांकेतिक विरोधस्वरुप हातमा कालोपट्टी बाँधेर काम गर्दै आएका थिए। यो मानव स्वास्थ्यसँग सम्बन्धित गम्भीर र जटिल विषय भएको कारण सरकारले तत्काल यो समस्याको समाधान गर्नु अब अति आवश्यक भैसकेको छ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल मंसिर ६ गते सोमबार, तदनुसार नोबेम्बर २१ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार मार्गशीर्षकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज मार्गशीर्षकृष्णपक्षको सप्तमी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि ३८ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २९ मिनेटमा मैत्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०८ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, नविन कार्यको थालनी गर्दा राम्रो, आफन्तसंग भेट, दिन शुभ रहेको छ।

**वृष** : आँटेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहनेछ।

**मिथुन** : आफन्त जनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल, पेट वा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खवर प्राप्त होला।

**कर्कट** : यश कृति बढ्ने, शतुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन, दिन सुखद्, समय महत्वपूर्ण रहनेछ।

**सिंह** : गर्न खोजेको काम विफल शुनेछन, मनमा असान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ।

**कन्या** : आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ उपयोग गर्नुहोला।

**तुला** : विरोधीहरु सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला।

**वृश्चिक** : मानसिक पीडा थपिने, मानहानी, आफन्त बाट धोका, आम्दानीका श्रोतहरु घट्नेछन् नआतिनु होला।

**धनु** : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भ्टघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ।

**मकर** : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ, नास्तिक विचारले सताउनेछ, समय खराव रहेको छ।

**कुम्भ** : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ रहनेछ।

**मीन** : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# नेपालमा किन हराउँछन् विदेशी पर्यटक ?



रामचन्द्र अधिकारी

पहिल्लो समय यसै वर्षको अक्टोबर १६ तारिखबाट इजरायली नागरिक अमित मोस्चे रिइचम्यान कास्कीको मर्दी हिमाल आधार शिविरबाट व्यपत्ता भएका छन् र उनको खोजी व्यापकरूपमा भइरहे पनि केहि पत्ता लाग्न सकेको छैन। गत जुलाई महिनाको २१ तारिखमा नेपालबाट फर्कनु पर्ने आफन्त उनको फ्लाइटमा नभेटिएपछि रोमानियन नागरिक एडिना मोनिका पोपेस्क्युका परिवारले नेपालमा सम्पर्क गरेर र उनी सम्पर्कविहीन भएको जानकारी गरे। उनी जुलाई महिनाकै ११ तारिखमा नेपाल प्रवेश गरेकी र जुलाई १२ तारिखका दिन अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको कार्यलयबाट पदयात्रा प्रवेश अनुमतिपत्र लिएको बुझियो।

उनको पदयात्रा तालिका अनुसार जुलाईको १७ मा पदयात्राबाट फर्कने रहेको उल्लेख भएअनुसार उनि अन्नपूर्ण संरक्षण आयोजनाको चेक पोष्टको अभिलेखमा प्रवेश गरेको तर फिर्ता नभएको आधारमा खोजी गरियो। उनलाई खोज्न उनका आफन्त पनि नेपाल आए र अन्ततः उनी घान्दुकको सुइखोलामा बगेर मृत्यु भइसकेकी अवस्थामा जुलाई २४ तरिखका दिन फेला परिन्। सन् २०१३ को नोभेम्बर महिनाको पहिलो सातामा अष्ट्रेलियन नागरिक म्याक्यु अल्पेस कास्कीको सिक्लेसबाट बेपत्ता भए। उनको परिवारको उपस्थितिमा हजारौ डलर खर्चेर उनको खोजि गरियो र केही महिनापछि सिक्लेसबाट मनाङ जाने बाटाको जङ्गलको अलि अफ्ट्यारो ठाउँमा उनको क्यामरा, झोला तथा आडैमा मानव हाडका केही अवशेष मात्र फेला परे र यसैको आधारमा उनि मरिसकेको अनुमानका साथ परिवार फिर्ता भए, तर उनि कसरी मारिए या मरे यो रहस्यमै रह्यो।

सन् २०१४ को अक्टोबर १४ का दिन भारतको हिन्द महासागरमा आएको हुद्हुद् आँधीको प्रभावले नेपालको उच्च हिमाली भेगमा ठूलो हिमपात पर्‍यो। पदयात्राको अति नै व्यस्त समय भएकोले अन्नपूर्ण, धवलागिरी, सगरमाथा लगाएतका क्षेत्रमा धेरै विदेशी तथा नेपाली पर्यटक र पर्यटन मजदुरहरूले ज्यान गुमाउन पुगे।

सन् २०१५ कै अप्रिलमा साथीहरूको समूहमा नेपाल आएका मलेसियन नागरिक डेनिज लि कास्की र म्याग्दीको सीमाना खोप्रा डाँडाबाट हिँड्दा हिँड्दै बेपत्ता भए र हालसम्म पनि उनको कुनै पत्ता लाग्न नसकेको अवस्था छ। सन् २०१५ को अप्रिल २५ मा आएको महाभूकम्पमा पनि लाङटाङ, सगरमाथा लगायतका उच्च पर्यटकीय गन्तव्य तथा भूकम्पको उच्च प्रभावित विभिन्न जिल्लामा गरेर धेरै पर्यटक हताहत भए।

सन् २०१५ कै अगष्टमा भूकम्प पीडितको सहयोगका लागि नेपाल आएकी ईजिप्ट्सीयन मूलकी अमेरिकी नागरिक डालिया यहिला केहि दिन गोरखा जिल्लामा गएर पोखरा आइन्। २० अगष्टमा उनको भिषा सकिने भए पनि उनि कतै सम्पर्कमा नआएपछि परिवारकै आग्रहमा उनको खोज सुरू भयो। उनको मोबाइलको ट्र्यागिङ्गो आधारमा खोजी भयो। लामो समयको अनुसन्धानपछि उनी उनकै नेपाली साथी कास्की धितालका नारायण गौतमबाट हत्या गरिएर बेपत्ता भएको पत्ता लाग्यो। यी त केही नेपालमा पर्यटक हराएका प्रतिनिधि उदाहरण मात्रै हुन्। नेपाल सरकार संस्कृति पर्यटन तथा नगरिक उड्यन मन्त्रालयसँग सन् २०१५ मा मात्र नेपालमा ४ सय २२ पर्यटकको विविध कारणले वेपत्ता तथा मुत्यु भएको तथ्याङ्क छ।

सन् २०१५ को अप्रिल २५ तरिखका दिन आएको विनाशकारी महाभूकम्पमा मात्र २ सय बढी विदेशी पर्यटकले ज्यान गुमाउनु पर्‍यो। मन्त्रालयकै तथ्याङ्क अनुसार नेपालमा वर्षेनी ६ सय बढी पर्यटकले विविध हैरानी तथा दुःख झेल्नुपर्ने गरेको छ।

**थोमस कुकदेखि अहिलेसम्म**

विश्व पर्यटनका पिता थोमस कुकले पर्यटन व्यापारका रूपमा १८ औं शताब्दीतिरैबाटै विकास गरेको भए पनि तत्कालीन समयमा नेपालमा विदेशी पर्यटकलाई प्रवेश निषेध थियो। सन् १८७७ मा राजा गोर्ज भि र राजकुमार वालेस लाई नेपालमा शिकार खेल्न डाकिएको थियो।

सन् १९५१ अर्थात् वि.स. २००७ सालमा नेपालमा प्रजातन्त्र आए पछिमात्र नेपाल विदेशि पर्यटकहरूका लागि औपचारिक रूपमा खुल्ला भएको थियो, यद्यपि सन् १९५० मै फान्सका २ जाना आरोहिले कास्कीमा अवस्थित अन्नपूर्ण प्रथमको सफल आरोहण गरे पछि नेपालमा विस्तारै ट्राभल्स तथा होटलहरूको स्थापना हुन थालेको थियो साथै पदयात्राका मार्गहरू पनि पहिचान तथा खुल्ला गरिएको थियो। सन् १९५३ मा विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण पछि भने नेपालमा व्यवसायिक पर्यटनको सुरूवात भएको छ। व्यवसायिक पर्यटन सुरू भएको ७५ वर्षको अनुभव अव नेपालले सङ्गालिसकेको छ भने अर्थतन्त्रको मुख्य पाटो पनि पर्यटन भएको छ। तर, यस्तो महत्वपूर्ण व्यवसाय भएर पनि हरेक वर्ष नेपाल आउने पर्यटक किन वेपत्ता तथा हताहत हुन्छन् त ? यो प्रश्न नेपाल सरकारका लागि मुख्य समस्या तथा पर्यटन पेशा व्यवसायसँग सरोकारवालाहरूका लागि चुनौतिका रूपमा रहेको छ।

**किन हराउँछन् त पर्यटक ?**

हिमाल आरोहण, प्राकृतिक प्रकोप तथा सडक र हवाई दुर्घटना बाहेक पर्यटक वेपत्ता हुनुमा एकल यात्रा नै हो भन्ने धेरैको ठम्याइ छ। एकल यात्राका क्रममा कतिपय पर्यटक बाटो बिराएर वा कुनै खराब मान्छेहरूको फेला परेर वा पहाडबाट चिप्लेर लडेर, जङ्गली जनवारको आक्रमणका कारणबाट मर्ने वा वेपत्ता हुने गर्दछन्।

उदाहरणकै क्रममा माथि उल्लेख गरिएका इजरायली नागरिक अमित मोस्चे रिइचम्यान, रोमानीयन नागरिक एडिना मोनिका पोपेस्क्यु, अष्ट्रेलियन नागरिक म्याक्यु अल्पेस एकल यात्राका क्रममा हराएका उदाहरण हुन्। डालीया यहिला भने खराब व्यक्तिको सङ्गतले गर्दा बेपत्ता भएकी थिइन्। त्यस्तै सन् २०१४ को अक्टोबरमा हिमपातका कारण हराएका वा वेपत्ता भएका पर्यटकहरू पनि अधिकांश एकल यात्री भएकाले खोजी तथा उद्धारमा कठिनाइ भएको थियो।



**एकल यात्राको जोखिम**

पदयात्रा तथा भ्रमण गराउने एजेन्सीहरूले चर्को शुल्क लिने भन्ने भ्रम तथा गलत सूचनाको आडमा पर्यटकहरू एकल यात्रा मन पराउँछन्। एजेन्सी तथा गाइडहरूलाई तिर्ने पैसाले आफ्नो भ्रमण अवधि लम्ब्याउने सोचका कारण पनि पर्यटक एकल यात्रा मन पराउँछन्। यसो त हामीभित्रकै कतिपय विकृति तथा समस्याहरू पनि पर्यटकहरू हराउनु वा वेपत्ता हुनुमा सहायोगी बनिरहेका छन्, जस्तो-

१. व्यवसायिक मर्यादा: सरकारले पर्यटकका मुख्य गन्तव्यहरूमा निशुल्क सूचना केन्द्र नराख्नाले पनि यो समस्या आएको हो। भएका सूचना केन्द्रहरूमा पनि सही र चित्तबुझ्दो सूचना दिन सक्ने दक्ष जनशक्ति नहुनु वा राजनीतिक नियुक्ति गरेर आ-आफ्ना कार्यकर्ता भर्ती गर्ने नेपालको अत्यन्तै घीनलाग्दो राजनीतिक परिपाटीले पनि यस्तो हुन आउँछ।

आफू कुन प्रकृतिको व्यवसायी हो र कस्तो सेवा दिने हो भन्ने भन्दा पनि पर्यटक भेटेपछि उसलाई विभिन्न जालमा पारेर कसरी लुट्ने हो भन्नेतिर व्यवसायीहरु लागिपरेका देखिन्छन्। उदाहरणका लागि होटल भनेर दर्ता तथा सञ्चालन गरिएको भवनको पहिले ढोकामै 'हाम्रा सेवाहरू' भनेर नेपालमा पर्यटकले गर्न मिल्ने सबै खालका क्रियाकलपहरू लेखेर टाँस्ने परिपाटीले पनि यो व्यवसायकै मर्यादामाथि खिल्ली उडाइरहेको देखिन्छ। एयरपोर्टबाट होटलसम्म सेवा दिँदै गर्दा एउटा ट्याक्सी चालकले पर्यटकसँग तेरो नेपालमा केके गतिविधि छ, म अरूको भन्दा सस्तोमा सेवा दिन्छु भन्दै भड्काउने र उस्तै पर्‍यो भने उसका हरेक बुकिङ नै रद्द गर्न समेत बाध्य तुल्याउनेसम्मको गतिविधि मौलाइरहेको पाइन्छ। तर, यस्ता कृयाकलाप रोक्ने राज्यसँग खै निकाय वा पोलिसी ? यहाँ व्यवसायीले कति पैसा कुम्ल्यायो भन्ने प्रश्न हुँदाहुँदै पनि त्यो होटल सम्बन्धी ज्ञान भएको मान्छेले कसरी अन्य सूचना पर्यटकसँग प्रवाह गरिरहेकोछ त भन्ने प्रश्न पनि छ।

वास्तवमा जुन प्रकृतिको अनुमति छ, त्यही प्रकतिको वाहेक अन्य धन्दा गर्नु कानुनसम्मत हुँदैन। यो त एउटा उदाहरण मात्र हो, यहाँ चिया पसल गर्ने मानिस हवाइटिकट बेचिरहेको छ। कपाल काट्ने सैलुनमा ट्रेकिङ बेचिएको छ। पश्मिना बेच्ने कस्मिरे पसलमा के-के बेचिएको छ, के-के ? उल्लेख गरी साध्य छैन ! खै नियन्त्रण र नियमन गर्ने निकाय ?

पर्यटनजस्तो संवेदनशील क्षेत्रमा पनि व्यक्ति वा व्यवसायीबाट मात्रै नभई राज्यबाटै पनि लापरवाही बढेको छ। सन् १९९९ मा समग्र पर्यटन विकासका लागि भनेर स्थापना भएको पर्यटन बोर्ड विदेशी लगानी भित्राउने नाममा राजनीतिक कार्यकर्ता भर्ति गर्ने केन्द्र तथा भ्रष्टचारको थलो बनिरहनु पनि ठूलो दुर्भाग्यको रूपमा लिन सकिन्छ। २/४ जना वकिलको झुटो कागजातका आधारमा जस्तो पायो, त्यस्तैलाई व्यपारिक भिषा जारी गरिनु अनि तिनै विदेशीबाट जथाभावी होटल, रेष्टुराँ खोल्न दिनु र त्यहाँभित्रबाट विभिन्न धन्दाहरू मौलाउनुले पनि पर्यटनमा विकृति आएको छ।

विदेशी लगानीकर्तालाई पनि राज्य तथा सरोकारवालाहरूले कुन प्रकारको व्यवसायका लगि अनुमति पाएको हो, त्यो बाहेकका गतिविधिहरू नगर्न तथा नगराउन आवश्यक ऐन निर्माण तथा नियमित अनुगमन आवश्यक छ।

२. व्यवसायिक दक्षता: पर्यटन क्षेत्रमा व्यवसायी तथा मजदुरहरू सम्वन्धित व्यवसायमा दक्ष हुनु आवश्यक छ। विषयगत दक्षता नहुनाले पनि विभिन्न समस्याहरू देखापरेका छन्। विभिन्न पार्टीका भातृ संगठनका रूपमा मजदूर संगठनहरू उम्रे पनि वास्तविक मजदुरहरु सेवा सुविधाबाट बञ्चितै छन्। संघ संगठनहरू मजदूरको कार्यदक्षतामा सुधार ल्याउनु भन्दा पनि पार्टीको राजनीति गर्ने थलो बनाइनु वास्तविक मजदुरहरूका लागि दुरभाग्यपूर्ण छ। पर्यटन क्षेत्रमा कामगर्ने मजदुरहरु अरू क्षेत्रका मजदुरभन्दा असाधारण हुनु जरूरी छ। एउटा पर्यटक नेपाल प्रवेश गरिसकेपछि उसको अधिकांश समय मजदुरसँगै बित्ने गर्छ। यो समयावधिमा मजदुरको व्यवहार, उसले दिने जानकारीहरू नै नेपालको प्रतिनिधि सन्देश बनेर जाने गर्छ। अब यस्तो महत्वपूर्ण व्यक्ति दक्ष नभएको खण्डमा नेपालबारे गलत सूचनाहरू बाहिर जाने गर्छन्। यसकारणले गर्दा पनि पर्यटनका कुनै पनि निकायमा काम गर्ने व्यवसायी तथा मजदुरहरू सबै दक्ष हुन आवश्यक छ। कतिपय कम्पनीहरूले दक्ष मजदुर भन्दा पनि नातावाद कृपावादका आधारमा गैरमजदूरहरू प्रयोग गरिदिनाले सही सूचना प्रवाहमा असर परिरहेकोप्रति सचेत हुन आवश्यक छ।

हामीकहाँ पर्यटकको मुख्य आगमनस्थल विमानस्थल तथा बसपार्कमै पर्यटक मजदुरहरूबाटै दुर्व्यवहारको शिकार हुन्छन्। त्यसपछि ट्याक्सी चालकबाट पनि अपमानित तथा सुरक्षित महसुस हुन सकेनन् भने उनीहरुले विस्तारै नेपाली र नेपालप्रति नै छुट्टै नकारात्मक धारणा बनाउँछन्। त्यसपछि उनीहरु या त एकल यात्राका लागि अभिप्रेरित हुने गर्दछन् या त अर्कोचोटि नेपाल आगमनमै अरुची देखाउन थाल्छन्।

३. प्रविधिको प्रयोग: नेपालमा अन्य विकसित मुलुकको जस्तो प्रविधिको विकास नभए पनि पर्यटन क्षेत्रमा यसको प्रयोग अधीक गरिएको छ। यहाँ सञ्चालनमा रहेका होटल, ट्रेकिङ तथा ट्राभल्स् कम्पनीहरू, रेष्टुराँ लगायतले आ-आफ्नो जानकारी तथा उत्पादनको बिक्री अनलाइनबाटै गर्ने गर्दछन्, जुन आजको आवश्यकता पनि हो। तर, यसरी वेभसाइडहरू निर्माण गरेर नेपालको सूचना प्रवाह आ-आफ्ना तरिकारले गर्दा कतै गलत सूचना प्रभावह त भइरहेको छैन ? यसको पनि अनुगमन तथा मापदण्ड निर्धारण गर्ने प्रभावकारी निकाय नेपालमा छैन।

अझ भनौं, नेपाल सरकारसँग सम्भवतः स्पष्ट कानुन पनि छैन। अहिलेका सामाजिक सञ्जालहरूले त सूचना क्षणभरमै विश्वको कुनाकुनामा पुर्‍याइरहेको छ। अनुगमन गर्ने निकाय नभए पनि नेपाल सरकारमा दर्ता भएर व्यवसाय सञ्चालन गरेका कम्पनीहरूले त यसरी इन्टरनेटमा आफ्नो व्यवसाय राखेर प्रचार-प्रसार गर्ने तथा आफ्ना उत्पादनहरू बेच्ने तथा विभिन्न फरक प्याकेजहरू बनाएर पर्यटन आकर्षित गर्ने गरे पनि पछिल्लो समयमा स्वतन्त्र व्यक्तिले पनि यस्ताखालका वेभसाइडहरू बनाएर विभिन्न सूचना राखेर आफ्ना उल्पादनहरू बेच्ने गरेको पाइन्छ।

पर्यटन क्षेत्रमै काम गर्ने अझ ट्रेकिङ्ग मजदुरका रूपमा काम गर्ने अधिकांश पथप्रदर्शक तथा भरियाहरूले समेत यसरी आफूखुसी सामाजिक सञ्जालहरू तथा वेभसाइडहरूमा नेपाल सम्बन्धी सूचनाहरू प्रकाशित गर्ने तथा पर्यटकलाई प्रतिश्पर्धाका आधारमा जथाभावी मूल्यहरू निर्धारण गर्नाले पनि पर्यटनमा विकृति आएको छ। वास्तवमा यस्ता गैरकानुनी ढङ्गले इन्टरनेटको दुरूपयोग हुनु पनि नेपालको पर्यटनमा दीर्घकालीन नकारात्मक असर परिरहेको देखिन्छ।

४. व्यवसायिक एकता: पछिल्लो समयमा पर्यटन क्षेत्रमै पनि रहेका भिन्न-भिन्न प्रकृतिका व्यवसायीबीच समन्वय नहुनाले विभिन्न विकृति तथा भ्रमहरू पर्यटकहरू माझ फैलिएको पाइन्छ। एयरलाइन्स तथा ट्राभल्स् एजेन्सीहरू बीच समन्वय नहुँदा एजेन्सीहरू पीडित छन्। पछिल्लो समय एयरलाइन्स कम्पनीहरूले आफ्नो अनलाइन पोर्टलमा एजेन्सीहरूलाई दिनेभन्दा सस्तो दरमा टिकट छोड्ने गरेकाले ट्राभल्स एजेन्सीहरूको व्यवसाय नै सङ्कटमा परेको गुनासो एजेन्सीहरूको छ। यस्ता घेरै क्षेत्र छन् झट् हेर्दा केही होइनन् जस्तो लाग्छन्। तर, यी वास्तविक समस्या हुन्। यिनमा अब राज्यको उपस्थिति अनिवार्य जस्तै भएको छ।

५. राजनीति हावी: राज्यको कानुनभन्दा माथि कोही पनि नहुनुपर्ने हो। तर, देशमा राजनीतिको आडमा मौलाइरहेको दादागिरी र गुण्डागर्दीका कारण देश विकासले उचित गति लिन नसकेको स्पष्टै छ। यसको मार नेपालको पर्यटनमा पनि परिरहेको छ। कहिले सिन्डिकेटको मारले पर्यटकले दुःख पाइरहेका छन् त कहिले विभिन्न पार्टी भनाउँदाको बन्द आन्दोलनले। पोखरेली पर्यटन पनि यस्ता समस्याको शिकार भइरहेको छ। उदाहरणका लागि पोखराको फेवाताल र यस वरिपरिको गतिविधिलाई लिन सकिन्छ। सरकारले आफैले बनाएको कानुन मिचेर यहाँका ठूलाबडाहरूले फेवालालको आयतन दिनानुदिन घटाइरहेका छन्। भवन निर्माणका लागि अनुमतिनै नभएका ठाउँमा ठूल्ठूला आलिशान भवनहरू निर्माण भइरहेका छन्। तर, यहाँको प्रशासन मूकदर्शक भइरहेको छ।

पछिल्लो समय फेवातालको किनारमा हिँड्ने बाटो बनाएपछि त झन् मापदण्डभित्र अस्थाई घरटहरा निमार्ण भएर विभिन्न रेष्टुराँहरू सञ्चालन गरी फेवताललाई कुरूप बनाउने कार्य बढ्नुले फेवातालको आयु तिव्र घटाउने कार्यमा यहाँका व्यवसायीहरू तथा भूमाफियाहरू सक्रिय रहेको भान हुन्छ।

६.नीतिमा परिवर्तन: सरकारले उच्च हिमाली क्षेत्रमा पदयात्रा गर्न चाहनेहरूका लागि दुईजना पर्यटक र एकजना सहयोगी पथपर्दशक रहनुपर्ने व्यवस्था अनिवार्य गरिनुपर्छ। पछिल्लो समय नेपाल ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान) तथा केही मजदुर संघठनहरूले 'नो ट्रेकिङ विथआउट गाईड एण्ड पोर्टर्स' भन्ने माग सरकारसँग उठाए पनि यसको नीति बनाउनेतर्फ सरकारले ध्यान पुर्‍याउन सकिरहेको छैन।

हाल केही निषेधित क्षेत्रका रूपमा रहेका बाहेकका उच्च जोखिम क्षेत्रहरूको पहिचान गरेर ती क्षेत्रमा नेपाली सहयोगी अनिवार्य गरिनुले स्वदेशमै रोजगारी सिर्जना गर्न पनि सहयोग गुग्छ। यसका लागि सम्वन्धित व्यवसायी तथा विज्ञहरूले कुनकुन क्षेत्र भनेर स्पस्ट तोकिदिने र त्यही अनुरूपका आवश्यक पूर्वाधारहरू निर्माण गरिदिनु आवश्यक छ। जथाभावी ट्राभल्स तथा ट्रेकिङ र हिमाल अरोहणसम्वन्धी कम्पनीहरू दर्ता गर्ने परिपाटीलाई परिमार्जन गरेर निश्चित मापदण्ड कायम गरिनुपर्छ। यसका लागि उद्देश्य अनुरूप आवश्यक जनशक्ति तथा पूर्वाधारहरू नभई इजाजत नदिने र नियमित अनुगमन गर्ने। हाल सञ्चालनमा रहेका कम्पनीहरूलाई अनुगमन गरी उनीहरूसँग आवश्यक पूर्वधार नभए अनुमति रद्द गर्नसमेत पहल गर्नेसम्मको कामकारवाही सरकारले गर्नु आवश्यक छ। स्वतन्त्र मजदुरका नाम भएका वेभसाइडहरू सरकारले छानविन गरी गलल सूचना प्रवाह गर्नेहरुको कारोबार बन्द गराइनुपर्छ। यदि सञ्चालन गर्न दिने नै हो भने पनि उसलाई पनि करको दायरामा ल्याउन आवश्यक छ।

सरकारले पर्यटन सुधारका लगि विभिन्न प्रलोभनमूखी कार्यक्रमहरू ल्याउन जरूरी छ। र, साथसाथै गुणस्तरीय पर्यटन सेवामा पहल गर्नुपर्छ। नेपाल प्रवेश गर्ने वित्तिकै नेपालका बारेमा सत्य-तथ्य सूचना हरेक पर्यटकले पाउने सहज व्यवस्था गरिनुपर्छ। नेपालको प्राकृतिक, भौगोलिक, सांस्कृतिक तथा ऐतिहासिक जानकारीका साथसाथै वर्षेनी कति पर्यटकले के-के मा कसरी दुःख पाइरहेका छन् भन्ने सार्वजनिक जानकारी पर्यटकलाई दिइनुपर्छ जसले गर्दा उ सचेत हुन सकोस् र त्यहीअनुरूप आफूलाई अनुकुलतातर्फ लैजाओस्।

*(पर्यटन व्यवसायी अधिकारी टान पश्चिमाञ्चल क्षेत्रीय संघ र एनएमए अन्नपूर्ण च्याप्टरका कार्यसमिति सदस्य हुन्)*

# दुई सय नागरिकको स्वास्थ्य परीक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ मंसिर ।

अभियान युवा क्लवको आयोजना तथा रिजनल हस्पिटलको प्राविधिक सहयोगमा चापाकोट–७ स्थित सिद्ध बराह उच्च माविको प्राङ्गणमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । क्लवको १०औं बार्षिकोत्सवको अवसर पारेर बालरोग, मेडिकल, स्त्री तथा प्रसुति, नाक, कान, घाटी सम्बन्धी निःशुल्क शिविर गरेको हो ।

शिबिरमा २ सय १२ जनाले स्वास्थ्य तथा औषधि वितरण गरेको थियो । शिविरमा निःशुल्क रुपमा रगत र पिसाबको जाँच गर्नुका साथै फिजियोथेरापीको पनि सेवा प्रदान गरेको रिजनल हस्पिटलाका मेडिकल डाइरेक्टर डा. यज्ञराज सिग्देलले जानकारी दिए। शिविरमा रिजनल हस्पिटलबाट मेडिकल डाइरेक्टर तथा बालरोग बिशेषज्ञ डा. यज्ञराज सिग्देल, फिजिसियन डा. मनोज कोईराला, स्त्री तथा प्रसुति विशेषज्ञ डा. तारा गुरुङ, नाक/कान/घाटी रोग बिशेषज्ञ डा. आकाशमणी भण्डारीले स्वास्थ्य परीक्षण गरेको सिग्देलले जानकारी दिए । शिविरमा डाक्टर,



स्टाफ नर्स, ल्याब एसिस्टेन्ट लगायत २० जनाको प्रविधिक टोली र आयोजक क्लबको स्वयंसेवक गरि ४२ जनाको टोली शिविरमा गएका थिए । शिविरमा वृद्धहरुको बाक्लो उपस्थिति रहेको र स्वास्थ्य परीक्षण पछि खुशी व्यक्त गरेको कार्यक्रम संयोजक राजु गिरीले बताए ।

यसअघि पञ्चासे जलाधार विकास समितिका अध्यक्ष निर्मल पौडेल, बालरोग विशेषज्ञ डा. यज्ञमान सिग्देल, रिजनल हस्पिटलका म्यानेजर अर्जुन शर्मा लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमका सभापति तथा क्लवका अध्यक्ष मोहन बहादुर केसीले सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद दिदै विशेष सहयोगीलाई कदर पत्र प्रदान गरेका थिए । कार्यक्रमको संचालन राजु गिरीले गरेका थिएभने स्वागत मन्तव्य अभियान महिला उप-समितिकी सिर्जना थापाले राखेकी थिईन् ।

# तरकारी फलफूलमा लगानी गर्न आग्रह

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ मंसिर ।

पोखराको बाराही सहकारी संस्थाका अध्यक्ष दुर्गा प्रसाद गुरुङले फलफूल तरकारी तथा व्यपारमा लगानी गर्न आग्रह गरेका छन । सहकारीका नवनिर्वाचित नयाँ कार्यसमितिको परिचयात्मक कार्यकममा बोल्दै उनले देशमा आर्थिक समृद्धिका लागि सहकारीहरुमा भएको थोरै तथा सानो पुँजीलाई व्यवसायिक रुपमा फलफूल तरकारी तथा व्यापारमा लगानी गर्न आग्रह गरेका हुन् । उनले भने–"पछिल्लो क्रममा धेरै पुंजी विक्तिय संस्थामा थुप्रिन लागेको छ, यसले आर्थिक क्रियाकलापलाई चलायमान बनाउँदैन।" कार्यकममा सल्लाहकार हरिप्रसाद गुरुङ, कृष्णराज ढुंगाना, प्रकाशचन्द्र गुरुङ, भोजराज घिमिरे, लेखा समितिका संयोजक दिनवन्दु गौतम, सचिव एकदेव बराल, व्यबस्थापक नारायण पहारी लगायतले संस्थाको विकासको लागि पुँजी बढाउने गरी काम गर्न आग्रह गरेको संस्थाका सदस्य हेमराज पहारीले बताए ।

# परोपकार सहकारीको अध्यक्षमा बराल

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ मंसिर ।

परोपकार सहकारी संस्था लि.को १५औं वार्षिक साधारणसभा एवं छैटौं अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले विष्णु प्रसाद बरालको अध्यक्षतामा नयाँ संचालक समिति सर्वसम्मतले गठन गरेको छ । समितिको उपाध्यक्षमा विष्णु प्रसाद भण्डारी, सचिवमा मीन प्रसाद भट्टराई, कोषाध्यक्षमा शान्ति शर्मा र सदस्यहरुमा कृष्ण प्रसाद बराल, देवका पौडेल, गंगाराम पौडेल, सीता भट्टराई, तुलसी प्रसाद बराल निर्वाचित भएका छन् । त्यसैगरी लेखा समितिको संयोजकमा डा.शालिग्राम सुवेदी र सदस्यहरुमा पूर्णकला गिरी र लक्ष्मीराज पौडेल निर्वाचित भएका छन् । अधिवेशनको उद्घाटन गर्दै प्रमुख अतिथि कास्की क्षेत्र नं. ३ का सभासद् एवं संसद विकास समितिका सभापति रविन्द्र अधिकारीले सहकारीले सबैको भावनालाई समेटेर लोकतान्त्रिक पद्धति अनुसार अघि बढ्नुपर्ने विचार व्यक्त गरेका थिए ।

त्यसैगरी मानवअधिकारवादी टेकनाथ बराल, कास्की बचत संघका अध्यक्ष भीम गुरुङ्ग, राष्ट्रिय सहकारी बैंकका व्यवस्थापक केदारनाथ लुईटेल, सृजना महिला सहकारीका अध्यक्ष कमला गिरी, सृजना विकास केन्द्रका प्रथम उपाध्यक्ष कृष्ण थापा, परशुराम बराल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा संस्थाका सचिव गिरीराज चालिसे, कोषाध्यक्ष अर्जुन श्रेष्ठ, लेखा समिति संयोजक सोमनाथ बराल, सहकारी पसलका संयोजक श्रीराम बरालले पेश गरेका आ.व.२०७२/०७३ को प्रगति प्रतिवेदन तथा लेखा समितिका प्रतिवेदन र आ.व. २०७३/०७४ को प्रस्तावित कार्यक्रम सर्वसम्मतिले पारित भएको थियो । निर्वाचन कार्यक्रम निर्वाचन समितिका संयोजक श्रीकान्त खतिवडा, सदस्यहरु रुद्रनाथ बराल, एकनारायण अर्यालले सम्पन्न गरेका थिए ।

# एड्स रोग नियन्त्रण संघलाई आर्थिक सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ मंसिर ।

पोखरा उप–महानगरपालिका–९ निवासी समाजसेवी एवं. रिट्रायर एम.भि.ओ,एम.बि.ई. मेजर जयबहादुर गरुङ्ग र उनको धर्मपत्नी रुपकुमारी गरुङ्गले एड्स रोग नियन्त्रण संघ पोखरालाइ आर्थिक सहयोग गरेका छन ।

संघको सामाजिक कार्यका लागि आईतवार एक कार्यक्रमको आयोजना गरी नगद १ लाख ५ हजार रुपैयाँ प्रदान गरेको हो । संघका अध्यक्ष विश्वमोहन गौचनको अध्यक्षता तथा सचिव अमृतलाल श्रेष्ठको सञ्चालनमा भएको कार्यक्रममा संघकी सल्लाहकार सिता गरुङ्गले सबैको सहयोगबाट संघ चलिरहेको उल्लेख गर्दै आगामी दिनमा पनि सहयोगको अपेक्षा गरिएको बताए । संस्थाका अध्यक्ष गौचनले संघले एड्स रोग नियन्त्रणका लागि बिभिन्न गतिविधि गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा यस प्रकारका गतिविधिलाई निरन्तरता दिइने र यो सहयोगबाट एड्स रोग नियन्त्रणका लागि सुनसरी, धरान, विराटनगर जस्ता धेरै स्थानमा जनचेतनामूलक कार्यक्रम गर्ने बताए । सो अवसरमा सहयोगदाता मेजर जयबहादुर गरुङ्ग र उनका धर्मपत्नी रुपकुमारी गरुङ्गलाई सम्मान गरिएको थियो । कार्यक्रममा संघका सल्लाहकार पुरुषोत्तम श्रेष्ठ, सिता गरुङ्ग, रामभूषण पराजुली, जिवन अधिकारी लगायतले शुभकामना मन्तब्य राखेका थिए ।

# सानी परी श्रेष्ठ र सानो बाबु गुरुङ

पोखरा ५ मंसिर ।

जित हाम्रो फाउन्डेसनको आयोजना र एसटी क्रियसनको व्यवस्थापनमा पोखरामा शनिबार सम्पन्न बाह्रौं संस्करणको 'सानी परी एन्ड सानो बाबु पोखरा २०१६' प्रतिभा प्रतियोगितामा कमशः गण्डकी बोर्डिङ स्कुलकी ११ वर्षीया केशभीदेवी श्रेष्ठ र कास्की मोर्डनाइज्ड एकेडेमीका ११ वर्षीय प्रथम गुरुङ विजयी भएका छन् । पोखरा उपत्यकाका २२ विद्यालयका ५८ विद्यार्थीको सहभागिता रहेको सो प्रतियोगितामा उनीहरूले विजेताको मुकुट र पदक सहित रु दश-दश हजार नगद गरे । प्रतियोगितामा सानी परितर्फ सेन्टमेरिज बोर्डिङ स्कुलकी शिशा तामाङले फस्ट रनरअप, आकृति लामा रुम्बाले सेकेन्ड रनरअप, भूमिका ज्ञवालीले थर्ड रनरअप, प्रशंसा रानाभाटले फोर्थ रनरअप र शिशु निकेतन स्कुलकी आकाङ्क्षा आचार्यले फिफ्थ रनरअपको उपाधि हात पार्न सफल भएका थिए ।

त्यसैगरी सानो बाबुतर्फ शिशु निकेतन बोर्डिङ स्कुलका आदर्श शर्माले फस्ट रनरअप, कुमुदिनी होम्सका अमिस महतोले सेकेन्ड रनरअप, गण्डकी बोर्डिङका आयुष गुरुङले थर्ड रनरअप, मदरल्यान्ड माविका माहिर तामाङले फोर्थ रनरअप र सिर्जना माविका अदित घिमिरेले फिफ्थ रनरअपको उपाधि प्राप्त गरेका संस्थाका प्रबन्ध निर्देशक राजेश जोशीले जानकारी दिए।

सो अवसरमा वरिष्ठ सौन्दर्यकर्मी, महिला उद्यमी तथा गुरुङ ब्युटीपार्लर एन्ड एकेडेमीका प्रबन्ध निर्देशक चिनु गुरुङलाई सम्मान गरिएको थियो ।

# महेन्द्रमा पौडेल

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ मंसिर ।

पोखरा-१९ घार्मीमा रहेको महेन्द्र माविको व्यवस्थापन समितिको अध्यक्षमा समाजसेवी ढुण्डीराज पौडेल चयन भएका छन् । अध्यक्ष पौडेलको नेतृत्वमा ६ सदस्यीय व्यवस्थापन समिति गठन भएको प्रधानाध्यापक बासुदेव पौडेलले बताए ।

सदस्यहरुमा शम्भु सुनार, पोषराज पौडेल, मञ्जु सुनार, विष्णुमाया पौडेल र बिना सुनार रहेका छन् । त्यस्तै माधव पौडेलको अध्यक्षतामा ११ सदस्यीय शिक्षक अभिभावक संघ पनि गठन भएको छ । चयन भएका दुवै समितिका अध्यक्षले विद्यालयको समग्र विकाशका लागि आफूहरु लागिपर्ने प्रतिवद्धता जनाएका छन् ।

# वडा नागरिक मञ्च पोखरा–१० मा सुवेदी

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ मंसिर ।

वडा नागरिक मञ्च वडा नं १० को नयाँ कार्यसमिति चयन भएको छ । शान्ति सुवेदीको संयोजकत्वमा गठित समिति निर्बिरोध चयन भएको हो भने समितिमा २९ जना सदस्य रहेका छन्। सह-संयोजकमा किरण प्रसाद भट्चन अन्य सदस्य हरुमा स्वाथ्य क्षेत्रबाट नरहरि पनेरु, बिपन्न समुदाय बाट सफल लामा, जेष्ठ नागरिकबाट ईच्छा बहादुर वाग्ले, महिला वडा समन्वय बाट सिमा गुरुङ, बिपन्न बर्ग बाट मैया नेपाली, अपाङग बाट बिजयमान गुरुङलाई चयन गरिएको छ ।

कार्यक्रममा युनाईटेड क्लव का अध्यक्ष शुक बहादुर गुरुङ, टोल बिकास संस्था नगर महिला समन्वय समिती अध्यक्ष, पबित्रा गुरुङ, राप्रपा नेपाल वडा नं १० का अध्यक्ष रमेश थापा, राष्ट्रिय जनमोर्चा नेपाल १० का अध्यक्ष जयराम आचार्य, नेकपा मावोवादी केन्द्र १० का अध्यक्ष रामबहादुर थापा, नेकपा एमाले १० अध्यक्ष पूर्णप्रसाद तिमिल्सिना, ने.का.१० का अध्यक्ष कृष्णबहादुर थापाका साथै टोलविकास संस्था वडा समन्वय समितिका अध्यक्ष सम्मर बहादुर श्रेष्ठ लगायतले बोलेका थिए । वडा नागरिक मञ्च वडा नं १० को आयोजनामा संचालन भएको कार्यक्रमको सभापति संस्थापक संयोजक हिमालय बखेलको अध्यक्षतामा संचालन भएको थियो । प्रमुख अतिथि वडा नं १० का वडा सचिव नवराज थापा रहेका थिए भने विशेष अतिथिका रुपमा पोखरा उप-महानगरपालिकाकी नागरिक मञ्च संयोजक निर्मला आचार्य रहेकी थिइन।

कार्यक्रम संचालन वडा नागरिक मञ्च वडा वडा नं १० की परिचालक टिका देवी कंडेल ले संचालन गरेकी हुन्।

# संविधान संशोधनको औचित्य पुष्टि गर्न चुनौति

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ५ मंसिर ।

सरकारले बुधबारभित्रै संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता गराउने तयारी गरिरहेको भनिएको बेला नेकपा एमालेले त्यसको औचित्य पुष्टि गर्न चुनौती दिएको छ । आइतबार बसेको एमाले स्थायी समिति बैठकले संशोधनको औचित्य पुष्टि गर्न सरकारलाई चुनौति दिएको हो । संशोधनबारे एमालेसँग कुनै छलफल र सहमति नभएको बैठकपछि नेता शंकर पोखरेलले जानकारी दिए । उनले संविधान संशोधन नभई कार्यान्वयनमा जोड दिने बैठकले निर्णय गरेको जानकारी दिँदै भने, -'संविधान संशोधन होइन, कार्यान्वयनमा जोड दिने पार्टीले निर्णय गरेको छ । सरकारले संशोधनको औचित्य पुष्टि गर्न सकेको छैन, त्यस्तो संशोधनले मुलुक झन् अप्ठेरोमा पर्छ ।' उनले सरकारले सबैको सहमतिमा संविधान संशोधन प्रस्ताव दर्ता गराउन लागेको भनि हल्ला चलाएको आरोप लगाउँदै संशोधनमा एमालेको सहमति नरहेको मात्रै होइन कुनै छलफल समेत नभएको दाबी गरे ।

प्रधानमन्त्री प्रचण्डले सीमाङ्कन, नागरिकता, भाषा र राष्ट्रियसभा प्रतिनिधित्व गरी चार विषयमा संविधान संशोधनको प्रस्ताव दर्ता गराउने तयारी गरेको भनिएको बेला एमाले बैठकले यस्तो निर्णय गरेको हो ।

# संगीत यात्राको १७औं श्रृङ्खला भकुण्डेमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ मंसिर ।

अनुपम म्युजिक पोखरा, त्रिवेणी संगीतालय पोखरा र जेइ म्युजिक एकेडमी पोखराले संयूक्त रुपमा संचालन गरेको सुगम संगीत यात्राको १७औं श्रृङ्खला पोखरा २६ भकुण्डेमा रहेको हिमाली बाल कल्याण संरक्षण मञ्चमा सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन गर्दै बालगृहहरुको क्षेत्रीय महासंघका अध्यक्ष राधा पौडेलले सरकारले बालगृहप्रतिको सोचाईलाई सकरात्मक बनाउनुपर्ने मा जोड दिइन । कास्की जिल्लाका विभिन्न ५८ वटा बालगृहहरुमा १५ सय बालबालिका आश्रित रहेको जानकारी दिदै सुगम संगीत यात्राको सांगीतिक कार्यक्रमहरु अन्य बालगृहमा पनि गर्नुपर्ने बताइन् । यस्ता कार्यक्रमले असहाय बालबालिकाहरुमा पनि सांगीतिक क्षेत्रमा लाग्न मार्ग निर्देशन गर्ने उनले बताइन् ।

हिमाली बाल कल्याण संरक्षण मञ्चका प्रमुख टंक प्रसाद गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गायक संगीतकार रामभक्त जोजिजु, गीतकार श्याम गुरुङ, मिस पोखरा २०१६ की विजेता सदिक्षा पाण्डे, हिमाली बाल कल्यण संरक्षण मञ्चका प्रशासकीय प्रमुख कमल जिसी लगायतले आ-आफ्नो भनाइ राखेका थिए । अनुपम म्यूजिक पोखराका प्रवन्ध निर्देशक अनुराग अधिकारीले संचालन गरेको कार्यक्रममा गायक गायिकाहरु रामभक्त जोजिजु, लक्ष्मी गिरी, रुवि गौली, प्राप्ति तुलाचन, सन्तोष प्रधान, रोशनी गुरुङ, प्रज्वल जोजिजु, सुदिप गुरुङ, पवित्रा विक, सुनिल नेपाली, सुदिप थापामगर, आशा विक, निरुता विक, कल्पना बोगटी, अनिता रानाभाट, अञ्जली नेपालीले आफनो प्रस्तुति राखेका थिए भने कार्यक्रमको व्यवस्थापन हिमाली बाल कल्याण संरक्षण मञ्चले गरेको थियो ।

# नेपाल निजामती कर्मचारी संगठनमा ढकाल

स्याङ्जा ५ मंसिर ।

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति स्याङ्जाको १३ औं अधिवेशनले रमेश ढकालको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । शनिवार सम्पन्न अधिवेशनबाट समितिको उपाध्यक्षमा महिलातर्फ रन्जिता थापा, खुल्लातर्फ जीवनाथ उपाध्याय, सचिवमा महेन्द्र प्रसाद ढकाल, सहसचिवमा अम्विकाप्रसाद गौतम, कोषाध्यक्षमा रमाकान्त सुवेदी, सदस्यहरुमा खुल्लातर्फ पूर्णचन्द्र रेग्मी, लेखनाथ पाण्डे, सुर्य भजेल, सरीता अधिकारी, राजन पनेरु, हरिहर पनेरु र महिलातर्फ पुष्पा गौतम, प्रतिभा रेग्मी, गौरी योगी र पवित्रा ढकाल चयन भएका छन्। केन्द्रीय प्रतिनिधिमा ललित बहादुर थापा, मन्जु ढुङ्गाना र राष्ट्रसेवक बचत तथा ऋण सहकारी तर्फबाट यादवराज शर्मा चयन भएका छन् ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय सदस्य तथा स्याङ्जा जिल्ला इन्चार्ज लिला बहादुर घर्तीले नेपाल निजामती कर्मचारी संगठन जेठो र मूल संस्था भएको बताउँदै संगठनले कर्मचारीको हितको सम्बन्धमा आवाज उठाउँदै आएको बताए ।

उनले आम नागरिकको सेवाप्रति प्रतिवद्ध र उत्तरदायी हुनु निजामती कर्मचारी संगठनको दायित्व भएको बताए । निजामती कर्मचारीको सहमतिविना संशोधन हुन लागेको ऐन र सहकारी ऐन कर्मचारी हितमा नभएको उनको भनाई थियो ।

उनले सबै देशका निजामती कर्मचारीहरु केन्द्रीय सरकारको हुनुपर्ने, सात प्रदेशमा जादा काजमा रहन पाउनुपर्ने, स्थायी रुपमा जान चाहेमा खाईपाई आएको तलवमा नघट्ने गरि एक तह बढुवा गरि जान पाउनुपर्ने संगठनको माग भएको बताए । कार्यक्रममा नेकपा एमाले जिल्ला कमिटी सचिव सुधिर पौडेल, आधिकारिक ट्रेड युनियनका केन्द्रिय सदस्य खेमलाल अधिकारी, जिल्ला अध्यक्ष ख्याम नारायण अधिकारी, पेशागत महासंघका स्याङ्जा जिल्ला अध्यक्ष यज्ञप्रसाद पौडेल लगायतले बोलेका थिए । कार्यक्रम ललितबहादुर थापाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

आवश्यकता
पुरुष कर्मचारी
संख्या : केही
सम्पर्क
कोशेली प्रकाशन
फोन :०६१–५२०६४४
(बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म)

खुशीको खबर !

के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्यास्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१–४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्याः- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
हामीकहाँ पियार एलोभेरा जुस पाइन्छ ।
महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरताः- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचारः- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१–५३१८६७, ०६–१२२९९९८, मो. ९८४६१३७४१८

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :-
तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोनः०६१–५५०२५२, मो. ९८४६०४१४९२

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर
Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।
हाम्रो विशेषताहरू :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।
सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

पोखरामा पहिलो पटक
यौनवर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, नुम्पाङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# पोखरामा करिब सात हजार लायन्सको झमघट

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

पर्यटकीय नगरी पोखरामा आयोजित लायन्स कुम्भ मेला तथा लायन्स मल्टिपल फेलोसिप कार्यक्रम शनिबार सम्पन्न भएको छ । कार्यक्रममा देशभरका लायन्स लिडर, सदस्य तथा लायन्स परिवार सहित करिब ७ हजार जना सहभागी भएको निबर्तमान डिष्ट्रिक्ट गभर्नर तथा मल्टिपल फेलोसिप चेयरपर्सन ध्रुव थापाले जानकारी दिए ।

चारवटै डिष्ट्रिक्टका लिडर तथा सदस्यहरूलाई एउटै थलोमा जम्मा गराइ आत्मीयता तथा भाइचार अभिबृद्धि गराउने उद्देश्यले आयोजित कार्यक्रम भव्य रुपमा सफल भएको थापाले बताए । 'कार्यक्रमले पुरै पोखरालाई लायन्समय बनाउन सफल भयो,' उनले भने, 'पर्यटकीय नगरी पोखराको प्रचार-प्रसार गर्न पनि कार्यक्रमले योगदान पुऱ्याएको छ ।' 'पोखरा डिष्टिनेसन अफ प्लेजर' नाराका साथ लायन्स डिस्ट्रिक्ट ३२५ बि वानले पोखरामा कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा महिला कबड्डी, हाजिरी जबाफ, भलिबल, फुटबल,



रस्साकस्सी, युगल नृत्य, म्युजिकल चियर लगायतका प्रतियोगिता सञ्चालन गरिएको थियो । विविध सांस्कृतिक कार्यक्रम तथा मौलिक खानाका परिकार कार्यक्रमको आकर्षण बनेका थिए ।

उक्त अवसरमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि लायन्स अन्तर्राष्ट्रिय डाइरेक्टर सञ्जय खेतानले पर्यटकीय नगरी पोखरामा आयोजित लायन्सका हरेक कार्यक्रम उत्कृष्ट हुने गरेको बताए । 'कार्यक्रमले यहाँको पर्यटनलाई चलायमान बनाउन सघाएको छ,' उनले भने । लायन्स स्थापनाको एक सय वर्ष पुगेको अवसरमा फेलोसिप सुरु हुनु अगाडि पोखराको चिप्लेढुंगाबाट लायन्स सेन्टेनियल परेड आयोजना गरियो । परेडमा हजारौं लायन्स लिडर तथा सदस्यहरु सहभागी भएको मूल आयोजक समितिका सचिव नारायणहरि भण्डारीले जानकारी दिए । 'कार्यक्रम निकै उत्साहजनक रुपमा सफल भयो,' उनले भने, 'फेलोसिप अन्तर्गत सञ्चालित सबै कार्यक्रम तथा प्रतियोगिता सफल भए ।' यस प्रकारको कार्यक्रम अघिल्लो वर्ष चितवनको सौराहामा डिष्ट्रिक्ट ३२५ बी टुले आयोजना गरेको थियो । कार्यक्रममा लायन्स इन्टरनेशनल डाइरेक्टर सञ्जय खेतान, पूर्व इन्टरनेशनल डाइरेक्टर एन.एस. शंकर, पोखरा विश्व विद्यालायका उपकुलपति प्रो.डा. चिरञ्जीवी शर्मा, अमेरिकाका लागि अबैतनिक महावाणिज्य दुत प्रेमराजा महत लगायतले एक सय वर्षसम्म लायन्सले समाजका विभिन्न क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरेका थिए । कार्यक्रम सम्पन्न गर्न डिष्ट्रिक्ट ३२५ बि १ नेपालका डिष्ट्रिक्ट फेलोशिप कमिटी चियरपर्सन बिमला श्रेष्ठ संयोजक, लायन्स क्लब अफ पोखरा गण्डकीका पूर्व अध्यक्ष दीन कुमारी शर्मा र पोखरा गोल्डेन चौतारीका पूर्व अध्यक्ष किशोर बराल सह-संयोजक, पोखरा स्टकका संस्थापक अध्यक्ष नारायणहरि भण्डारी सचिव र पोखरा युनाइटेड पूर्व अध्यक्ष कमल बहादुर बस्नेत कोषाध्यक्ष रहेको ३५ सदस्यीय मूल व्यवस्थापन कमिटी गठन गरिएको थियो ।

# चलचित्र 'जात्रा' टिम देश दौडाहामा



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

काठमाडौंमा राम्रै कलेक्सन गरेको नेपाली चलचित्र 'जात्रा' मोफसलमा भने भनेजस्तो ब्यापार गर्न असफल भएपछि 'जात्रा' टिम प्रचारका लागि देश दौडाहामा निस्केको छ । मोफसलमा चलचित्र खासै राम्रो नचलेकाले प्रचार नपुगेर हो कि भनेर आफूहरु प्रचारका लागि देश दौडाहामा निस्केको 'जात्रा' टिमले आइतबार पोखरामा पत्रकार सम्मेलन गरी जानकारी दिएको हो । प्रचारका लागि चलचित्रका निर्माता तथा कलाकार रविन्द्रसिंह बानिया, निर्देशक प्रदीप पाण्डे, नायिका वर्षा राउत, विपिन कार्की, रविन्द्र झा लगायतको टोली नारायणघाट हुँदै पोखरा आइपुगेको छ । पत्रकार सम्मेलनमा बोल्दै चलचित्र 'जात्रा'का निर्माता तथा कलाकार रविन्द्र सिंह बानियाले भने,'काठमाडौंमा दर्शकको प्रतिक्रिया राम्रो छ, त्यो मात्रै हैन कलेक्सन पनि राम्रो छ तर मोफसलमा यसको ब्यापार राम्रो भएन, त्यसैले हामी हल्ला गर्न आएका हौं ।' चलचित्र राम्रो बनेपनि प्रचार नहुँदा दर्शक नआएको 'जात्रा' टिमको ठम्याई छ । चलचित्रका निर्देशक प्रदीप भट्टराईले भने,' 'जात्रा' हेर्ने सबैले राम्रो भनेका छन्, तर मोफसलमा धेरैले नहेरेको प्रतिक्रिया पायौं, त्यसैले प्रचारका लागि हामी निस्केका हौं ।' नायिका वर्षा राउतले 'जात्रा' चलचित्रबाट आफूले धेरै नै आशा गरेको बताइन् । उनले चलचित्र राम्रो बनेकाले हेरेर फिडब्याक दिन आग्रह गरिन् ।

चलचित्र 'जात्रा'ले हालसम्म झण्डै डेढ करोडको कारोबार गरेको 'जात्रा' टिमले जनाएको छ । चलचित्रका निर्माता मध्येका एक माधव वाग्लेले शनिबारसम्ममा १ करोड ३४ लाख ४ हजार ६ सय ४४ रुपैयाँ ग्रस कलेक्सन गर्न सफल भएको बताए । यसको करीब ३० प्रतिशत पनि मोफसलमा ब्यापार नभएको उनको भनाई छ । मोफसलको ब्यापार निराशाजनक पनि र उत्साहजनक पनि नभएको उनले बताए ।

दर्शकको चाहना अनुसार सिक्वेल बनाउने चाहना आफूहरुले 'जात्रा' चलचित्र बनाउँदा सिक्वेलको कल्पना नगरेपनि दर्शकको अपेक्षा अनुसार सिक्वेल बनाउने योजनामा पुगेको निर्माता तथा कलाकार रविन्द्रसिंह बानियाले बताए । उनले भने,'हामीले यो चलचित्र बनाउने बेला सिक्वेलको कल्पना गरेर बनाएको हैन, त्यतिखेर सिक्वेल बनाउने कुरा दिमागमै थिएन, तर चलचित्र हेरेर दर्शकले सिक्वेल कहिले आउँछ भनेर प्रश्न गर्ने गरेको तथा चलचित्रको इण्डिङ सिक्वेल आउने आशयको छ भन्ने सबैको सुझाव आएकाले हामीहरु बाध्य भएर सिक्वेल बारे सोच्न बाध्य भएका छौं ।'

उनले अब चलचित्र बनाउँदा सिक्वेलबारे सोंचेर मात्रै बनाउने बताए । चलचित्रको कथा खोला जस्तै छाडेर जता बग्छ त्यतै बग्न दिदा इण्डिङका बारेमा धेरै कुरा उठेको उनको भनाई छ । उनले भने,'चलचित्रको कथा निर्माता/निर्देशकले बंग्याएर प्रस्तुत गर्ने हैन, कथालाई खोलाजस्तै बग्न दिनुपर्छ भनेर हामीले 'जात्रा'मा प्रयोग गरेका हौं, तर दर्शक र समीक्षकले यस्तो हुनुपर्थ्यो, उस्तो हुनुपर्थ्यो भन्ने गर्छन् तर कथा त्यसरी मोड्न पाईंदैन ।'

# सिद्धगुफाको विकास गर्न भिमाद महोसत्व

**गोल्डेन न्यूज संवाददाता**
**तनहुँ ५ मंसिर ।**

ऐतिहासिक, पुरातात्विक एवम् धार्मिक महत्व बोकेको मुलुककै सुन्दर चार तल्ले सिद्धगुफा ओझेलमा परेको छ। तनहुँ जिल्लाको भानुमती गाविस वडा नं ८ धन्दुरमा सयौं वर्षअघि पत्ता लागेको दुई सय मिटर लम्बाइको यो गुफाको उचित प्रचारप्रसार हुन नसक्दा ओझेलमा परेको हो । प्रवेशद्वारको मुख सानो भएको कारण सुतेर भित्र पस्नुपर्छ । करिब ३० मिटरभित्र पसेपछि पहिलो तल्लामा लगभग २०० जना अटाउने ठाउँ रहेको छ । त्यसपछि दोस्रोमा ६० र तेस्रो तल्लामा ५० जना जति अट्ने ठाउँ रहेको सिद्धगुफा विकास समितिका अध्यक्ष ददिराम सुवेदीले बताए ।

उनका अनुसार प्रत्येक तल्लामा सुतेर प्रवेश गर्नुपर्ने यस मनोरम गुफाको चौथो तल्लाको ढोका भने चुनको रसायनले बन्द भएको छ । उक्त तल्लामा तत्कालीन राजा सुरेन्द्रको पालाका सिक्का र पैसा चढाउने तामाको भाडा पनि रहेको छ । जिदी खोला किनारको घनाजङ्गल क्षेत्रमा रहेको यो गुफाभित्र ढिकी, जाँतो, गाईका थुन, हात्तीको सुँड, शिवलिङ्ग र विभिन्न देवीदेवताका आकृति स्पष्ट देख्न सकिने अध्यक्ष सुवेदीले बताए।

समितिका उपाध्यक्ष वेलबहादुर थापाका अनुसार प्रत्येक वर्ष साउन महिनामा मुलुकको विभिन्न स्थानबाट श्रद्धालु भक्तजनहरू महादेव शिवको ध्यान गर्न यहाँ आउँछन् ।

साथै सो क्षेत्रका कृषकहरूले बाली लगाउने र भित्र्याउने समयमा सिद्ध भगवान्लाई अन्न चढाउने र पूजा गर्ने परम्परा अद्यापि कायम छ। "तनहुँ जिल्लाको पुरानो व्यापारिक केन्द्र भिमाद बजारदेखि मोटरमा लगभग आधा घण्टाको समयमा जिदी खोलासम्म पुगिने र त्यसपछि २० मिनेटको पैदलयात्राबाट गुफामा पुग्न सकिन्छ," समितिका सचिव बद्रीनाथ सुवेदीले भने-"यो गुफा विसं १८७७ भन्दा अघिदेखि पत्ता लागेको हो । यस क्षेत्रमा वस्तीको सुरुवातदेखि नै गुफाको अस्तित्व रहेको छ ।"

उनका अनुसार गुफाभित्र एक लाख रुपैयाँको लागतमा विद्युत् लाइन जडान गरिएको भएपनि पानी रसाइराख्ने भू-बनोटका कारण टिकाउ नहुने हुँदा आगामी दिन दुवै गुफामा सौर्य वत्ती जडान गर्ने समितिको योजना छ । केही वर्षअघि गुफा अवलोकन गर्न दैनिक ४० जना आउने गरेको भएपनि अहिले मुस्किलले २० जना जति आन्तरिक र बाह्य पर्यटक आउने गरेको सिद्धगुफा क्लबका सदस्य धविन्द्र थापामगरले बताए। क्लबले प्रतिव्यक्ति प्रवेश शुल्क २० रुपैयाँ लिने गरेको छ । गुफा व्यवस्थापन समितिको सकृयतामा पर्यटन कार्यालय पोखराको १८ लाख रुपैयाँको आर्थिक सहयोग तथा १० हजार स्थानीयवासीको जनश्रमबाट जिदी खोलादेखि सिद्धगुफासम्म करिव ३०० मिटर बाटोमा पक्की सिँढी र रेलिङ्ग बार निर्माण गरिए पछि गुफा अवलोकनका लागि आउने आन्तरिक र बाह्य पर्यटकलाई सुविधा पुगेको छ ।

सिद्धगुफा प्रवेशद्वारसँगै सिद्ध बहुउदेश्यीय सहकारी संस्था भिमादको १० लाख रुपैयाँ र समितिको तीन लाख रुपैयाँ गरी कुल १३ लाख रुपैयाँको लागतमा सिद्धबाबा मन्दिर निर्माण गरिएको छ भने चमेरेगुफाको निकटमा १३ लाख रुपैयाँ खर्च गरेर सिद्धबाराही मन्दिर तथा प्राङ्गणमा जलकुण्ड निर्माण गरिएको छ । समितिले नित्य पूजाका लागि पण्डितको समेत व्यवस्था गरेको छ ।

उनका अनुसार यस वर्ष पर्यटन कार्यालयले उपलब्ध गराएको १० लाख रुपैयाँबाट सिद्धगुफादेखि सोही स्थानमा रहेको चमेरे गुफासम्म जान फलामे रेलिङ्ग बाटो निर्माण गर्ने समितिको योजना रहेको छ । लगभग ८०० मिटर लम्बाइ रहेको यो गुफामा लाखौंको सङ्ख्यामा चमेरा रहेका छन् । ठूलो सङ्ख्यामा चमेरा गुफाबाट एकै पटक बाहिर निस्कँदा घामै छेक्ने गरेको छ । कृषकहरूले गुफाबाट चमेराको मल लगेर खेतमा समेत प्रयोग गर्दै आएको स्थानीयवासी रामेश्वर सुवेदीले बताए । चमेराले रातिको सयममा गाउँ पसेर फलफूल खाई कृषकलाई दुःख दिने गरेको छ । उनका अनुसार सो क्षेत्रमा विशेष गरी चैते दशैंमा ठूलो मेला लाग्ने गरेको भएपनि पछिल्लो समय कृषकहरूले यहाँका फाँटमा रविवाली गर्न थालेपछि ठाउँको अभावका कारण यो मेलाको रौनक हराउँदै गएको छ ।

पृथ्वी राजमार्ग अन्तर्गतको खैरेनीटारबाट झण्डै ४५ मिनेटको गाडीको यात्रापछि पुगिने जिदी खोलाबाट लगभग २० मिनेट हिँडेर गुफा पुग्न सकिन्छ ।

गुफासहित आसपासका क्षेत्रको प्रचारप्रसार एवम् स्थानीय उत्पादनको बिक्री वितरणको उद्देश्य राखेर यही मङ्सिर १० देखि १९ गतेसम्म प्रथम भिमाद महोत्सव गरिँदै छ । विशाल पहाडको काखमा हरियाली वन जङ्गलले घेरिएको प्राचीन तपोभूमि जस्तै अनुभव गर्न सकिने यो ठाउँमा पुगेपछि जो कोहीको मन पुलकित हुने विश्वास प्रथम भिमाद महोत्सवका आयोजक समितिका संयोजक समेत रहेका स्थानीय समाजसेवी भीमसेन थापा बलुले व्यक्त गरेका छन् ।

# माउण्ट अन्नपूर्णको दुवै टीम फाइनलमा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

पोखरामा जारी १४औं जेपी क्रस अन्तरबिद्यालय छात्र/छात्रा वास्केटवल प्रतियोगितामा दोहोरो उपाधिका लागि पोखराको माउन्ट अन्नपूर्ण उच्च माविको छात्र तथा छात्रा तर्फको दुबै टिम फाइनलमा प्रबेश गरेको ।

प्रतियोगिता अन्तर्गत आइतबार भएको क्वाटरफाईनल हुँदै सेमिफाईनलबाट जित हासिल गरी माउन्ट अन्नपूर्णको दुवै टिम फाईनलमा प्रबेश गरेका हुन् । छात्र तर्फको डिफेण्डिङ च्याम्पियन माउन्ट अन्नपूर्णले सेमिफाईनल खेलमा टप्स उच्च माविलाई ४७ का बिरुद्ध ६३ स्कोरले पराजित गरी फाइनलमा यात्रा बनाएको हो । अर्को खेलमा वाल कल्याण उच्च माविले कुमुदिनी होम्स उच्च माविलाइ ३३ को बिरुद्ध ३९ स्कोरले पन्छाउँदै फाईनलमा प्रबेश गरेको हो ।

छात्रातर्फ माउन्न अन्नपूर्णले मनकामना वोर्डिङ स्कुललाई १३ को बिरुद्ध १७ स्कोरले पराजित गर्दै फाईनलमा यात्रा बनाएको हो । अर्को खेलमा डिफेण्डिङ च्याम्पियन टप्स उच्च माविले लिटिल स्टेप उच्च माविलाई ४ को बिरुद्ध ११ स्कोरले पराजित गरी फाइनलमा प्रबेश गरेको हो । सोमबार छात्रतर्फको उपाधिका लागि माउन्ट अन्नपुर्ण बिरुद्ध वालकल्याण र छात्रातर्फ माउन्ट अन्नपूर्ण बिरुद्ध टप्स उच्च मावि बीच प्रतिस्पर्धा हुने भएको संघ कास्कीका अध्यक्ष नेत्र बहादुर शेनले बताए ।

# मुद्रा सटही व्यवसायी संगठनमा पौडेल

**पोखरा ५ मंसिर ।(गोल्डेन)**

भारतमा यतिबेला पाँचसय र एकहजारको नोटमा प्रतिबन्ध लगाईएको छ । नोटमा लगाईएको प्रतिबन्धले भारतीयहरु आफुसँग भएको पैसा बैंकमा साट्न आतुर छन् । भारतमा नोटमा लगाइएको प्रतिबन्धको असर पोखराको पर्यटन क्षेत्रमा पनि नजानिँदो ढंगले परेको छ । भारतीय पर्यटकको सिजन अहिले होईन् । तर सिजन नभएपनि भारतीय पर्यटकको आगमनमा भने राम्रै हुने गर्थ्यो । तर अहिले ठयाक्कै विपरित भएको छ । भारतीय पर्यटकको आगमन शून्य जस्तै देखिन थालेको छ । त्यसको प्रत्यक्ष असर भनेको भारतमा पाँचसय र एकहजार दरको नोटको प्रतिबन्धले नै हो । 'भारतीय पर्र्यटकको सिजन नभएपनि फाट्टफुट्ट बसमा पर्यटक आँउथे' पश्चिमाञ्चल होटल संघका अध्यक्ष भरतराज पराजुलीले भने-'तर अहिले ठप्पै छ । भारतीय पर्यटक देख्नै मुस्किल छ ।

नोटमा लगाइएको प्रतिबन्धको असर पर्यटनमा पनि परेको आभाष हामीले गरेका छौं ।' मुद्रा सटही व्यवसायी संगठनका निवर्तमान अध्यक्ष समेत रहेका पराजुलीले साना दरका नोट बोक्न कठिनाई हुने र पाँच सय र एकहजारको दरका नोट व्यवसायीले प्रयोजन गर्ने गरेकोले आउँथे । तर अहिले भारतमै नोटमा लगाईएको प्रतिबन्धले नेपाल आउने पर्यटकको संख्या न्यून जस्तै छ ।

उनले भारतमा ठूला दरका नोटमा लगाईएको प्रतिबन्धसँगै पोखरामा पनि मुद्रा सटही मार्फत भारतीय रुपैयाँ साटिदिन आग्रह समेत गर्ने गरेको खुलाए । नेपाल राष्ट्रबैंकले नेपालमा पाँच सय र एकहजारको भारतीय नोट प्रचलनमा रोक लगाएको थियो ।

मुद्रा सटही व्यवसायी संगठनमा पोखरामा ५० व्यवसायी आवद्ध छन् । वार्षिक डेढदेखि दुई अर्ब नेपाली रुपैयाँ बराबरको विदेशी मुद्रा सटही हुने गरेको अनुमान गरिएको छ । मुद्रा सटही व्यवसायी संघको छैटौं अधिवेशनले खेमराज पौडेलको अध्यक्षमा नौ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । उपाध्यक्षमा कृष्ण भण्डारी, सचिवमा रुमक मिश्र, कोषाध्यक्षमा धनन्जय पौडेल रहेका छन् । यसैगरी सदस्यहरुमा सुर्य शाही, खगेन्द्र पौडेल, ध्रुवजित कुँवर, दिपक पौडेल र संगीता पौडेल रहेका छन् । अधिवेशनका नेपाल राष्ट्र बैंकका कामु निर्देशक अमर अधिकारीले उद्‌घाटन गरेका थिए ।

# कोषमा सहयोग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

प्रजातान्त्रिक विचार समाज कास्कीको अक्षय कोषमा एक लाख ११ रुपैयाँ सहयोग प्राप्त भएको छ । अक्षय कोषमा सांसद शारदा पौडेलले ५० हजार, नेपाली काँग्रेस कास्कीका कोषाध्यक्ष लक्ष्मी पाण्डेले २५ हजार र काँग्रेस नेता निर्मल कर्माचार्यले २५ हजार ११ रुपैयाँ सहयोग गरेको संस्थाका अध्यक्ष डा गिरिधारी शर्माले जानकारी दिए ।

## काठमाडौं...

*लागि सम्झौता भएको उक्त आयोजना निर्माण ११ हजार आठ सय ७५ बिघामा हुनेछ । त्यस्तै त्यस क्षेत्रका एक हजार छ सय ३१ घरटहरा अधिग्रहण गर्नुपर्नेछ ।*

*विमानस्थल निर्माणका लागि चार किल्ला क्षेत्र घोषण भइसकेको, घरजग्गाको मुआब्जा दिनका लागि मङ्सिर मसान्तसम्ममा दर निर्धारण हुने स्थिति बनेको, परामर्शदाताको सङ्क्षिप्त सूची तयार गर्ने काम भइरहेको तथा आयोजनाको निर्देशनालय स्थापना गरिएको बताइएको छ ।*

*उक्त आयोजनाको तयारी चरणका लागि तीन वर्ष र विस्तृत तयारी कार्यपछि पहिलो चरणको निर्माणका लागि चार वर्ष लाग्ने अनुमान गरिएको छ । उक्त आयोजनाको प्रथम चरणको निर्माणको लागत एक अर्ब २० करोड डलर लाग्ने अनुमान गरिएको छ । आयोजना प्रस्तावित क्षेत्रमा ठूलो जङ्गल भएकाले वातावरण मूल्याङ्कन आवश्यक रहेको बताइन्छ ।*

*यसअघिका सरकारले आयोजना निर्माणका सन्दर्भमा वातावरणीय प्रभावको मूल्याङ्कन गर्न एलएनडब्लु नामक कम्पनीलाई जिम्मेवारी सुम्पिँदै विस्तृत अध्ययन प्रतिवेदन समेत तयार गर्न प्राथमिकता प्रदान गरिने अन्यथा ३५ लाख डलर उपलब्ध गराउने वचन प्रदान गरेको वास्तविकता उनले जानकारी दिए । त्यसको छिनोफानो नभई आयोजनालाई अघि बढाउन अप्ठ्यारो परेकाले गाँठो फुकाउने निर्णयका लागि सुझाव दिन मन्त्री शाहीले समिति समक्ष अनुरोध गरेका थिए।*

*विकास समितिका सभापति रवीन्द्र अधिकारी, अर्थ समितिका सभापति प्रकाश ज्वाला, सदस्य सुरेन्द्रप्रसाद पाण्डे, केशवप्रसाद बडाल लगायतले मुलुकको विकासको मेरुदण्डका रुपमा रहेको द्रुतमार्ग र निजगढ विमानस्थल निर्माणमा सबै राजनीतिक दल एक ठाउँमा उभिएर सुनिश्चित गर्नुपर्छ भने ।*

*उनीहरुले भने-'नेपालको आर्थिक रुपान्तरणका लागि महत्वपूर्ण कडीका रुपमा रहेको आयोजना अघि बढाउन सरकार खुट्टा नकमाई अघि बढोस्, प्रत्येक वर्ष खर्च हुन नसकेर बाँकी रहेको बजेटको रकम द्रुतमार्गमा लगाउन सकिन्छ, कुनै पनि बहानामा अब एक दिन पनि ढिला नगरी आयोजना अघि बढाउनुपर्छ, फास्टट्र्याक फास्टटयाक विधिबाटै लैजानुपर्छ ।'*


**कर्मचारी चाहियो**

| | |
|---|---|
| कुक | - २ जना |
| रिसेप्सनिष्ट | -२ जना |
| वेटर | - २ जना |
| मार्केटिङ सेल्स | -केही |
| किचन हेल्पर | -२ जना |
| सुरक्षा गार्ड | -२ जना |

अनुभावीलाई विशेष प्राथमिकता दिइनेछ ।

**टीका रिसोर्ट, लेकसाइड, पोखरा**
फोन : ०६१-४६२०३३, ४६०२३३

Study in **Japan**
Czech Republic
USA, Australia, Norway

❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN** .
❖SLC passed can apply .
April Intake
❖Almost all intake **czech Republic** .
❖Free Education in **Norway** & **Finland** .
❖Help to make all kind of documentation for any Countries .

**Now Running** IELTS, JLPT Classess

**ROMAN EMPIRE**
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

**के तपाईंमा यौनसम्बन्धी समस्या छ ?**

**पुरूषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
**महिलाहरूमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानको सफल उपचार**
**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा